नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ४ ● अंक २६ ● २०८२ साल मंसिर २२ गते सोमबार ● Monday 08, December 2025 ● सूर्योदयः बिहान ०६:४२ बजे ● सूर्यास्तः साँझ ५:१२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-



मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
✆ 9808835198
✆ 9802592799
✆ 9803474311
✆ 9854028218


**सिंहदरबारका क्षतिग्रस्त संरचना चाँडै पुनःनिर्माण हुनेमा पूर्वराष्ट्रपति भण्डारीको विश्वास**

*समाचार पृठ ५ मा*



# मुख्यमन्त्रीद्वारा शपथ ग्रहण र पदभारसँगै विविध निर्णय







**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारका नवनियुक्त मुख्यमन्त्री कृष्ण यादवले शपथ ग्रहण गरेका छन् । मंसिर १९ गते मुख्यमन्त्रीमा नियुक्त भएका मुख्यमन्त्री यादवलाई प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले शपथ ग्रहण गराए । मुख्यमन्त्री यादवले मैथिली भाषामा शपथ ग्रहण गरेका थिए ।

शपथ ग्रहण समारोहमा पूर्वउपप्रधानमन्त्री बिमलेन्द्र निधिसहित मधेश प्रदेशका पूर्वमुख्यमन्त्रीहरु, पूर्वमन्त्री, विभिन्न मन्त्रालयका सचिव, दलका शीर्षनेता तथा कार्यकर्ताको उपस्थिति थियो ।

मंसिर १७ गते नेकपा एमालेका संसदीय दलका नेता सरोजकुमार यादवले मुख्यमन्त्री पदबाट राजीनामा दिएपछि मधेश प्रदेशमा कांग्रेसले पहिलोपटक मुख्यमन्त्रीको पद पाएको हो ।

सर्वोच्च अदालतले तत्कालीन मुख्यमन्त्री यादवलाई २४ घण्टाभित्र विश्वासको मत लिन निर्देशन दिएको थियो । तर, आवश्यक समर्थन जुटाउन असफल भएपछि उनले प्रदेश सभामै राजीनामा घोषणा गरे । त्यसपछि धारा १६८ को उपधारा २ अनुसार मंसिर १९ गते कांग्रेस नेता कृष्ण यादवलाई नयाँ मुख्यमन्त्रीको रूपमा नियुक्त गरिएको थियो ।

- **मन्त्रिमण्डल विस्तार, ३ मन्त्रीले लिए शपथ**

मधेशका मुख्यमन्त्री कृष्ण यादवले मन्त्रिमण्डल विस्तार गरेका छन् । नेपाली कांग्रेस, जनमत पार्टी र नेकपा एकीकृत समाजवादी पार्टीबाट १–१ जनालाई मन्त्रिमण्डलमा शामिल गराएर मुख्यमन्त्री यादवले मन्त्रिमण्डल विस्तार गरेका हुन् । जनमत पार्टीबाट मन्त्री बनेका महेश यादवलाई अर्थ मन्त्रालयको जिम्मेवारी दिइएको छ भने कांग्रेसका जंगीलाल राय र नेकपा एकीकृत समाजवादी पार्टीका कनिष पटेललाई विनाविभागीय मन्त्री बनाइएको छ ।

नवनियुक्त तीनै जना मन्त्रीहरुले आइतबार नै शपथ ग्रहण गरेका छन् । तीनजना नवनियुक्त मन्त्रीलाई प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले शपथ ग्रहण गराए ।

- **४ दलले किन पठाएनन् मन्त्री ?**

मुख्यमन्त्री यादवले मन्त्रिमण्डल विस्तार गर्दा आफ्नो दलबाट एकजना र जनमत तथा नेकपा एकीकृत समाजवादी पार्टीबाट १–१ जनालाई मन्त्रिमण्डलमा शामिल गरेर मन्त्रीमण्डल विस्तार गरे ।

तर सत्ता गठबन्धनमै रहेका दलहरु माओवादी केन्द्र, जसपा नेपाल, लोसपा नेपाल र नागरिक उन्मुक्ति पार्टीले भने मन्त्री पठाएनन् । दलहरुबीच मन्त्रालय बाँडफाँडको विषयमा अझै टुंगो लाग्न बाँकी रहेकाले ती दलहरुले मन्त्री नपठाएको बताइएको छ ।

जबकि मुख्यमन्त्री यादवले चाँडै नै मन्त्रिमण्डल विस्तार गर्ने बताएका छन् । उनले विश्वासको मत लिनुअघि नै मन्त्रिमण्डल विस्तार गर्ने योजना रहेको बताए । यद्यपि

*बाँकी पृष्ठ २ मा*






## चन्दा बटुलेरै कमला पुल बनाउने अठोट



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा र सिरहा जोड्ने कमला नदीको पुल निर्माणका लागि चन्दा संकलन महाअभियान शुरुवात गरिएको छ । सिरहाका नागरिक अगुवाले कमला पुल निर्माणमा जुन कुनै सरकार आए पनि उदाशीनता देखाएको भन्दै चन्दा संकलन गरेरै कमला पुलको निर्माण गर्ने अठोटका साथ महाअभियान थालनी गरेका हुन् । कमला पुलमुनि कार्यक्रम गर्दै सिरहा, सप्तरी र धनुषाका नागरिकसँग १–१ सय रुपैयाँ चन्दा संकलन गर्ने लक्ष्य लिइएको छ । त्यस्तै, चन्दा संकलनका लागि महायज्ञ गर्ने लक्ष्यसमेत लिइएको छ ।

पुल निर्माणका लागि २०६८ जेठमै २४ करोड ९१ लाख रुपैयाँमा पप्पु लुम्बिनी जेभीसँग ठेक्का सम्झौता भएको थियो । ठेक्का सम्झौताबमोजिम २०७१ मंसिरमै पुल निर्माण भइसक्नुपर्ने थियो । तर, ठेकेदारको लापरबाहीले पटकपटक म्याद थपिँदा पनि काम हुन सकेन ।

स्थानीयको आन्दोलनपछि १० वर्षमा निर्माणको अन्तिम चरणमा परेको थियो भने २०७८ असारमै पुलको उद्घाटन गर्ने कार्यक्रम तय गरिएको थियो । तर २०७८

*बाँकी पृष्ठ २ मा*

## तरकारी बजारको विवादित जग्गा सार्वजनिक कायम





**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाद्वारा वडा नं. २ रेल्वे रोडस्थित छपकैयामा निर्माण गरिएको छपकैया तरकारी तथा फलफूल थोक बजार आइतबारदेखि औपचारिकरूपमा सञ्चालनमा आएको छ । योसँगै वीरगंजमा लामो समयदेखि रहेको व्यवस्थित थोक तरकारी बजारको अभाव समाधान भएको छ ।

थोक बजार शुभारम्भ कार्यक्रममा बोल्दै महानगर

*बाँकी पृष्ठ २ मा*

# झापामा तीन लाख ५४ हजार मेट्रिकटन धान उत्पादन



**झापा ।**
जिल्लामा यो वर्ष तीन लाख ५० हजार मेट्रिकटनभन्दा बढी बर्खे धान उत्पादन भएको छ । जिल्लामा ७२ हजार ७४२ दशमलव ६५ हेक्टरमा खेती हुँदा तीन लाख ५४ हजार ३१५ दशमलव ९२ मेट्रिकटन बर्खे धान उत्पादन भएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ ।

केन्द्रका प्रमुख सागर विष्टले गत वर्षको तुलनामा यो वर्ष धानखेतीको क्षेत्रफलसँगै उत्पादन घटेको बताउँदै उत्पादकत्व भने केही बढेको जानकारी दिए । उनका अनुसार गत वर्ष ७५ हजार ४५९ दशमलव १८ हेक्टर क्षेत्रफलमा तीन लाख ८२ हजार ८११ दशमलव ९७ मेट्रिकटन धान उत्पादन भएको थियो । धानको उत्पादकत्व पाँच दशमलव शून्य ७३ रहेको थियो ।

बेमौसमी तथा अनियमित वर्षाका कारण धानखेतीको क्षेत्रफल गत वर्षको तुलनामा यो वर्ष दुई हजार ७१६ दशमलव ५३ हेक्टर घटेको प्रमुख विष्टले बताउँदै उत्पादकत्व बढेर पाँच दशमलव १९५ पुगेको जानकारी दिए ।

गत असोज र कात्तिकमा भएको बेमौसमी वर्षाका कारण जिल्लामा २३ हजार ५६४ दशमलव ३३ मेट्रिकटन धानमा क्षति पुगेको कार्यालयले जनाएको छ । उक्त क्षतिबाट अनुमानित ७८ करोड ११ लाख ५६ हजार रुपैयाँ बराबरको क्षति भएको छ ।

- **किसानले समर्थन मूल्य पाएनन्**

बेमौसमी वर्षाका कारण खेतीमा ठूलो क्षति व्यहोरेका किसान यतिबेला मूल्य नपाएर समस्यामा परेका छन् । सरकारले गत साउनमा बर्खे धानको न्यूनतम समर्थन मूल्य बढाएको थियो । मोटा धानको मूल्य प्रतिक्विन्टल तीन हजार ४६३ रुपैयाँ ८१ पैसा र मध्यम धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार ६२८ रुपैयाँ ३३ पैसा तोकेको छ ।

केही वर्षअघिसम्म किसानले धान भित्र्याउन सुरू गर्दा पनि सरकारले न्यूनतम समर्थन मूल्य नतोक्दा किसान ठगिने समस्या रहेकामा पछिल्ला केही वर्षदेखि सरकारले मूल्य तोक्न थालेको छ ।

सरकारले समयमा धानको समर्थन मूल्य तोके पनि किसानले मूल्य नपाउने समस्या भने जस्ताकोतस्तै रहेको किसानको गुनासो छ । झापामा हाल किसानले मध्यम धान प्रतिक्विन्टल तीन हजार रुपैयाँ र मोटा धान दुई हजार ७५० रुपैयाँ मा बिक्री गरिरहेका छन् । कृषि ज्ञान केन्द्रका प्रमुख विष्टले भने, 'किसानले सरकारले तोकेको मूल्य पाउन सकेका छैनन्, किसानको गुनासो आइरहेको छ ।'

भद्रपुरका किसान महरसिंह राजवंशीले अहिले प्रतिमन (४० केजी) धान एक हजार २०० रुपैयाँ मा किनबेच भइरहेको जानकारी दिए । 'धानको भाउ छैन', उनले भने, '१२ सयमा कसरी बेच्नु ?'

- **'धानको मूल्य बढ्छ'**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ झापाका प्रमुख रविन्द्र सुवेदीले हाल किसानले धानको समर्थन मूल्य नपाएको स्वीकारे । 'अहिले प्रतिक्विन्टल तीन हजार १०० रुपैयाँमा मध्यम धान बिक्री भइरहेको छ', उनले भने, 'अब मूल्य समायोजन गरी बढ्ने छ ।' सुरुसुरुमा धानमा चिस्यान बढी हुने भएकाले मूल्य कम भएको हुनसक्ने बताउँदै उनले धानको गुणस्तर राम्रो भएकाले मूल्य बढ्ने विश्वास व्यक्त गरे ।

- **धान खरिदका लागि तीन सहकारी सूचीकृत**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ झापाले धान खरिदका लागि सहकारी संस्थालाई सूचीकृत हुन आह्वान गरेपछि तीन सहकारी सूचीकृत भएका छन् । जिल्लामा कृषि सहकारी, कृषि समूह धेरै भए पनि तीन वटा मात्र सहकारी सूचीकृत भएका हुन् ।

सरकारले तोकेको मूल्यमा किसानको धान सहकारीले खरिद गरेर किसानको खातामा रकम जम्मा गरेमा व्यवस्थापन खर्चबापत प्रतिक्विन्टल रु ११२ अनुदान दिने व्यवस्था रहेको एकाइका प्रमुख सुवेदीले जानकारी दिए ।

- **अधिकांश रञ्जित र सर्ना धानखेती**

हाल बजारमा चामलमा 'जिरा मसिनो' ब्रान्ड जस्तै भए पनि किसानले नेपालमा यस्तो धानखेती कम मात्र गर्ने प्रमुख सुवेदीले बताए । नेपालमा उत्पादित बहुगुणी–२, तरहरा–१, सानो मन्सुली सव–१ लगायत धान 'जिरा मसिनो' ब्रान्डमै जाने उनको भनाइ छ । झापा, मोरङ, सुनसरीलगायत पूर्वी क्षेत्रका अधिकांश किसानले रञ्जित र सर्ना धानखेती गर्ने गरेका उहाँले जानकारी दिए ।

'किसानलाई ब्राण्ड चलेको धानको खेती गर्न प्रोत्साहन गर्ने कोसिस गरिरहेका छौँ', सुवेदीले भने, 'तर, किसान रञ्जित र सर्ना धानप्रति बढी आकर्षित छन् ।' उत्पादनका हिसाबले रञ्जित र सर्ना धानभन्दा बहुगुणी–२, तरहरा–१, सानो मन्सुली सव–१ धान बढी फल्ने उहाँको भनाइ छ ।रासस

# कालीगण्डकी करिडोरको मालढुङ्गा–बलेवा खण्ड कालोपत्र शुरु



**बागलुङ ।**
राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको कालीगण्डकी करिडोरको बागलुङ खण्डको मालढुङ्गा–बलेवा खण्डमा कालोपत्र सुरु भएको छ ।

कालीगण्डकी करिडोरको बागलुङस्थित मालढुङ्गा–बलेवा खण्डको १० किमि सडक कालोपत्रका लागि थापिएको सम्झौता मिति सकिनै लाग्दा काम सुरु भएको छ ।

अहिले बलेवा विमानस्थलबाट मालढुङ्गातर्फ र मालढुङ्गाको चेकपोष्टदेखि काठेखोलाको पुलतर्फ कालोपत्र गर्न थालिएको कालीगण्डकी करिडोर आयोजना कार्यालय पाल्पाका इन्जिनियर पिपुल गौतमले जानकारी दिए ।

उनले मङ्सिरसम्म कालोपत्रको काम गरिने र बाँकी सडक जाडो सकिएपछि फागुनबाट थालिने गरी मालढुङ्गाबाट कालोपत्रको काम शुरु गरिएको बताए ।

राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको कालीगण्डकी करिडोरको बलेवा–मालढुङ्गा खण्ड तीन वर्षमा कालोपत्रको चरणमा पुगेपनि समस्याग्रस्त क्षेत्रका रुपमा दब्ल्याङ र कालाखोलामा पहिरो पन्छाउनै बाँकी छ । आयोजनाको अहिलेसम्मको कुल प्रगति ७० प्रतिशत पुगेको छ ।

दुई वर्षमा सक्नेगरी खण्ड्का कृष्ण बिएन जेभीसँग सम्झौता गरेको कालीगण्डकी करिडोर आयोजना कार्यालय पाल्पाले काम नसकिएको भन्दै एक वर्ष म्याद थपेको थियो । थपेको म्याद समेत यही २०८२ मङ्सिर मसान्तमा सकिँदै छ । मङ्सिर मसान्तमा बलेवाको दम्कादेखि विमानस्थलसम्म र मालढुङ्गादेखि दब्ल्याङसम्मको सडक कालोपत्र भइसकने छ भने बाँकी खण्डमा पूर्वाधार सकेर फागुनबाट सबै सडक कालोपत्र गरिने छ ।

इन्जिनियर गौतमका अनुसार बलेवा–हर्मिचौरको ४४ किलोमिटर सडक सम्झौता अगावै काम सम्पन्न भइसकेको छ भने छोटो खण्डको रुपमा रहेको बलेवा–मालढुङ्गा सडकको १० किमि भने एक पटक म्याद थप गरेपछि कालोपत्रको काम थालिएको हो ।

'मङ्सिर मसान्तसम्म तापक्रम पुग्छ, कालोपत्र हुन्छ, त्यसपछिका दुई महिनमा अन्य पूर्वाधार सकिन्छ, चैतसम्म कालोपत्र सक्नेगरी निर्माण व्यवसायीलाई ताकेता गरेका छौं, मङ्सिरसम्म कार्यप्रगति हेरेर मात्रै म्याद थप हुन्छ, अब एकपटक छ महिनालाई म्याद थपे सम्पन्न हुने देखिएको छ' इन्जिनियर गौतमले भने 'कालोपत्रको काम सुरु भएकाले म्याद थप गरेर सम्पन्न गर्छौं ।'

गौतमका अनुसार अनुसार १० किलोमिटर दूरी रहेको उक्त खण्डका लागि ५५ करोड रुपैयाँमा निर्माण कम्पनीले ठेक्का लिएको थियो ।

पूर्वाधारको काम अन्तिम चरणमा पु¥याएर कालोपत्रको काम थालेको निर्माण व्यवसायीका प्रतिनिधि दिनबन्धु काफ्लेले जानकारी दिए । रासस

# मुख्यमन्त्रीद्वारा शपथ ग्रहण र पदभारसँगै...



कतिपय पार्टीभित्र आन्तरिक छलफल हुन नसकेका सबै दलबाट मन्त्रीहरु मन्त्रिमण्डलमा शामिल गर्न नसकिएको मुख्यमन्त्री यादवले बताए । माओवादी केन्द्रभित्र पनि कसलाई मन्त्री बनाउने भन्ने विषयमा ठोस सहमति नभएकाले माओवादीबाट पनि मन्त्री शामिल गर्न नसकिएको माओवादीकै एकजना प्रदेशसभा सदस्यले बताए ।

- **सुशासन पहिलो एजेण्डा**

शपथ ग्रहण गरेलगत्तै मुख्यमन्त्री यादवले आइतबार नै पदभार समेत ग्रहण गरेका छन् । शपथपछि उनले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय पुगेर काम शुरुवात गरेका हुन् ।

पदभार ग्रहण कार्यक्रममा मुख्यमन्त्री यादवले पहिलो दिनदेखि नै पूर्ण सक्रियतासहित काम गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले सत्ता साझेदार सबै दलको समावेशी प्रतिनिधित्व हुने गरी चाँडै मन्त्रिपरिषद् विस्तार गर्ने तयारी भइरहेको समेत बताए ।

यादवले प्रतिपक्षी दलहरूसँग पनि रचनात्मक सहकार्यको अपेक्षा व्यक्त गर्दै प्रदेशमा सुशासन, पारदर्शिता र छिटोछरितो सेवा प्रवाह आफ्नो प्राथमिकता रहेको बताए । 'मधेश प्रदेश अब स्थायित्वतर्फ अघि बढ्छ,' मुख्यमन्त्री यादवले भने, 'जनताले महसुस गर्नसक्ने गरी काम गर्न प्रतिवद्ध छु ।'

- **मंसिर २४ गते विश्वासको मत**

मुख्यमन्त्री यादवले मंसिर २४ गते बुधबार प्रदेश सभाबाट विश्वासको मत लिने तयारी गरेका छन् । ७ दलका ७७ प्रदेशसभा सदस्यको समर्थनमा मुख्यमन्त्री बनेका यादवले बुधबार विश्वासको मत लिने तयारी गरेका हुन् । उनलाई जसपा नेपाल, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टी, लोसपा, नागरिक उन्मुक्ति पार्टीको समर्थन छ ।

- **मुख्य न्यायाधीवक्ता महतो पदमुक्त**

मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता सुरेन्द्रकुमार महतो पदमुक्त भएका छन् । प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले मुख्यमन्त्री कृष्णप्रसाद यादवको सिफारिसमा आइतबार नै महतोलाई पदमुक्त गरेको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ ।

कार्यालयका निमित्त सचिव सत्तुधन यादवले जारी गरेको विज्ञप्तिमा प्रदेश प्रमुखले मुख्यमन्त्री यादवको सिफारिसमा नेपालको संविधानको धारा १६० को उपधारा (४) (ख) बमोजिम आजैदेखि लागू हुनेगरी पदमुक्त गरेको उल्लेख छ । यसका साथै उद्योग मन्त्रालयका सचिव जय कुमार घिमिरेलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरुवा गरेर निमित्त प्रमुख सचिवको जिम्मेवारी दिने निर्णय भएको मधेश प्रदेश सरकारका विना विभागीय मन्त्री कनिष पटेलले जानकारी दिए ।

मन्त्रिपरिषद् बैठकले क्यान्सर, मृगौला तथा मुटु रोगीलाई प्रदेश सरकारबाट दिँदै आएको आर्थिक सहायतालाई निरन्तरता दिँदै अपुग भएका रकम अर्थ मन्त्रालयबाट व्यवस्था मिलाएर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा रकमान्तर गर्ने निर्णय गरेको छ । यसैगरी मधेश प्रदेश प्राकृतिक प्रकोपको जोखिममा रहेको र आउन लागेको शीत लहर र सम्भावित आगलागीबाट प्रदेशवासीलाई जोगाउनका लागि विपत पूर्व तयारीका लागि सुरक्षा निकायहरूसँग समन्वय गरेर गृहकार्य थालनी गर्न मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानून मन्त्रालयलाई समन्वय गरेर अगाडि बढाउन निर्देशन दिने निर्णय गरेको छ ।

**पुराना सरकारको निर्णय बदर**

मधेश प्रदेशका सरकारको आइतबार बसेको मन्त्रिपरिषद् बैठकले मधेश प्रदेशका निवर्तमान मुख्यमन्त्री सरोज कुमार यादव नेतृत्वको सरकारले गरेका सबै सरुवा र काज बदर गर्ने निर्णय गरेको छ ।

# तरकारी बजारको विवादित जग्गा...

प्रमुख राजेशमान सिंहले बजार निर्माण छपकैयावासीकै पहिचान र नाममा जोडिएको बताए । उनले स्थानीय समुदायको भूमिका बजार सञ्चालनको मुख्य आधार हुने उल्लेख गर्दै उनले भने, 'यो बजार छपकैयाबासीकै नाममा बनाइएको हो । सफा, सुरक्षित र व्यवस्थित राख्न यहाँका स्थानीयवासीको भूमिका महत्वपूर्ण छ । यो यहाँकै सम्पत्ति र धरोहर हो ।'

सिंहका अनुसार बजार निर्माण अढाई वर्षअघि नै शुरु गर्ने योजना भए पनि बिपी उद्यानमा रहेका व्यवसायीको कारण ढिलाइ भएको हो । बिपी उद्यानलाई हरित पार्कका रूपमा विकास गर्दै त्यहाँ रहेको अव्यवस्थित बजारलाई हटाइने र उनीहरूलाई छपकैया बजारमै स्थानान्तरण गर्न विकल्प दिएको उनको भनाइ छ ।

सिंहले थपे, 'हाम्रो लक्ष्य स्पष्ट छ, वैभव वीरगंज । व्यवस्थित बजार, हरित क्षेत्र, सेवा सुविधामा सुधार र कानूनको कडाइ । यही अवधारणामा महानगर अघि बढिरहेको छ ।'

त्यसैगरी प्रमुख जिल्ला अधिकारी भोला दाहालले बजार सञ्चालनले किसान र उपभोक्ता दुवै लाभान्वित हुने बताए । उनको भनाइमा 'अव्यवस्थित थोक बजारको अभावका कारण किसानलाई सडक छेउ वा अस्थायी ठाउँमा बिक्री गर्नुपर्ने बाध्यता थियो । अब किसानले सहज रूपमा उत्पादन ल्याउन, उपभोक्ताले व्यवस्थित रुपमा खरिद गर्न र सवारी सञ्चालन पनि सरल हुनेछ ।'

महानगरका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णका अनुसार पहिलो चरणमा ७० लाख रुपैयाँ लागतमा निर्माण गरिएको १४ युनिटमा २८ वटा सटर सञ्चालनमा आएका छन् ।

बजार परिसरमा बिजुली, पानी, शौचालय, ढल निकास र सुरक्षा व्यवस्थासहित सबै आधारभूत सुविधा उपलब्ध छन् । आगामी चरणमा थप ७० लाख रुपैयाँ लगानी गर्दै युनिट संख्या र भौतिक संरचना विस्तार गर्ने योजनासमेत रहेको कर्णले जानकारी दिए ।

उनका अनुसार खुद्रा र थोक कारोबारलाई अलग–अलग संरचनाबाट सञ्चालन गरिने भएकाले व्यवसायीलाई दीर्घकालीन योजनासहित कारोबार गर्न सहज हुनेछ । 'यसले रोजगारका अवसर पनि सिर्जना गर्छ,' उनले भने ।

यस बजार निर्माण गरिएको जग्गा करिब तीन दशकदेखि विवादमा रहे पनि कानूनी प्रक्रियाबाट सार्वजनिक कायम भएको महानगरको दाबी छ । ताराचन्द केडिया, जगदीश नारायण साह कानु, इन्दु देवी, तारणी विक्रम शाह, शरद विक्रम शाह, हरिनारायण गुप्तालगायतले स्वामित्व दाबी गरे पनि २०४६ सालको नयाँ नापीमा जग्गा 'महल खाली' रहेको र कुनै स्वामित्व नदेखिएको महानगरले स्पष्ट गरेको छ ।

विविध पक्षले नक्कली कागजात तयार गरी कब्जा प्रयास गरेपछि २०८० असोज २६ गते महानगर बोर्ड बैठकले जग्गा सार्वजनिक कायम गर्न निर्णय गर्दै मालपोत कार्यालय पर्सामा निवेदन दिएको थियो । मालपोत कार्यालयले १६ असोज २०८१ मा दाबी खारेज गर्दै जग्गा सार्वजनिक कायम गर्ने र नेपाल सरकारको नाममा दर्ता गर्ने निर्णय गरेको हो । यससँगै बजार निर्माण कानूनीरूपमा सुरक्षित भएको महानगरको निष्कर्ष छ ।

उद्घाटन कार्यक्रममा सहभागी व्यवसायीले बजार दीर्घकालीन रूपमा सञ्चालन हुने विश्वास व्यक्त गरे । उनीहरूको भनाइमा, स्थायी संरचना बनेपछि लगानी, भण्डारण सुधार, गुणस्तरीय बिक्री प्रणाली र किसानसँग सीधाको कारोबार सहज हुने छ ।

# चन्दा बटुलेरै कमला पुल बनाउने अठोट...

असार १७ गते अविरल वर्षाका कारण नदीमा आएको बाढीको पानीको बेग थेग्न नसकेर पुलको स्पाम नै भासिएको थियो ।

- **चन्दा संकलन गरेर सरकारलाई बुझाइने**

कमला पुल निर्माणमा २ अर्ब रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ । त्यो रकम धनुषा, सिरहा र सप्तरीका नागरिकको सहयोगबाट उठाउने योजना रहेको चन्दा संकलन अभियानका अगुवा रामरिझन यादवले बताए । उनका अनुसार तीन विकल्प हामीहरुबीच छलफलको विषय रहेको बताए । पहिलो विकल्प भनेको जनस्तरबाट चन्दा उठाएर पुल निर्माण गर्ने, त्यसका लागि सिरहाबाट एक अर्ब चन्दा संकलन गर्ने, धनुषा र सप्तरीबाट ५०–५० करोड रकम संकलन गर्ने अभियन्ता रामरिझनले बताए ।

दोस्रो विकल्प विष्णु महायज्ञ गरी त्यसबाट उठेको रकम पुल निर्माणमा लगाउने रहेको छ । तेस्रो विकल्प भनेको नयाँ कमला पुल निर्माण अभियान जिल्ला प्रशासन कार्यालयमा दर्ता गराउने र त्यसबाट सरकारको कोषमा जनस्तरबाट रकम जम्मा गर्न लगाउने हो । यसरी जनस्तरबाट सरकारको कोषमा कमला पुलको नामबाट रकम जम्मा हुन थालेपछि सरकारले नै पुल बनाइदिन्छ कि भन्ने विश्वास आफूहरुको रहेको रामरिझनले बताए ।




**अंशुको मृत्युमा छानबिन गरः** धनुषा, बटेश्वर–१ चिलपुरमा सात महिनाकी गर्भवती २३ वर्षीय अंशु कुमारी महतोको असोज १३ गते साँझ भएको शंकास्पद मृत्युको छानबिन माग गर्दै माइतीजन । तस्बिरः मधेशदृष्टि

# बर्दिबासको पर्यावरणबारे बढ्दै चासो

**गोपालप्रसाद बराल**
**महोत्तरी ।**
महोत्तरीको पूर्वपश्चिम लम्बाइको पूरै चुरे क्षेत्र ओगटेको बर्दिबास नगर क्षेत्रको प्राकृतिक पर्यावरण संरक्षण र संवद्र्धनबारे चासो बढेको छ । चुरे क्षेत्रमा ३० किलोमिटर बढी लम्बाइको यस नगर क्षेत्रमा धार्मिक, पुरातात्विक, ऐतिहासिक र प्राकृतिक सम्पदाको भण्डार रहेको यहाँ अवलोकन गर्नेहरूले बताएका छन् ।

'मनोरम प्राकृतिक सम्पदाको बर्दिबास नगरक्षेत्र सम्पन्न रहेछ,' बर्दिबास–३ राइमण्डलस्थित गिद्ध बासस्थानको अवलोकनपछि चरा संरक्षण नेपालका प्रतिनिधि नवलपरासीको पिठौलीका ईश्वरी चौधरीले भने, 'हामीले यहाँको चुरे क्षेत्रको अवलोकन गर्यौं, यो त प्राकृतिक पर्यटनको भण्डार रहेछ ।' राइमण्डलडाँडास्थित गिद्धबास (गिद्धको बासस्थान)लाई संरक्षण गर्न मुख्यतः आहाराको व्यवस्थापनमा जुट्न उहाँको बर्दिबास नगरपालिका र नगर संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिलाई सुझाव छ ।

आफ्नो ठाउँको पिठौली सामुदायिक वन क्षेत्रमा स्थापित गिद्ध संरक्षण उद्देश्यको जटायु रेष्टुरेन्ट स्थापना भएयता बढेको पर्यटकीय चहलपहलको अनुभव साट्दै चौधरीले बर्दिबासको यो क्षेत्र अझ मनोरम रहेको बताए । 'यहाँको चुरे क्षेत्र सम्पदाले भरिपूर्ण रहेछ", उहाँले भने, "यहाँ पर्यटकीय सम्भावनाका प्रशस्त आधार रहेछन् ।'

राइमण्डलडाँडाको गिद्धबास, राइमण्डल क्षेत्रकै मध्य पाषण युगकालीन हतियार कारखाना, सोलीघोप्टेडाँडाको जडीबुटी भण्डार, मधेशको जिल्ला भएर पनि सुन्तला, जुनार फल्ने चनौटेडाँडा र यहाँका टुटेश्वर, पञ्चधुरा माईस्थान र राइमण्डलधामसहितका आदिकालदेखिका धार्मिकस्थल पर्यटकीय विकासका लागि महत्त्वपूर्ण आधार रहेको अवलोकनकर्ताको प्रतिक्रिया छ ।

त्यसैगरी, वातावरण र पर्यावरण संरक्षणका क्षेत्रमा लामो अनुभव सँगालेका धनुषाको कल्चर भिलेज संस्थाका संस्थापक देवनारायण मण्डल आफूले महोत्तरीको चुरे क्षेत्रको अवलोकन गर्दा लोपोन्मुख पन्छी गिद्धसँगै अनेकौ चराचुरुङ्गी र वन्यजन्तुको बासस्थान रहेको देखिएको बताए ।

'यहाँको चुरे क्षेत्रमा अहिले सघन वन रहेछ । यहाँ बहुमूल्य वनस्पति तथा बाघ, हरिन, मृग, घोरल, नीलगाई र बँदेलसहितका वन्यजन्तु बाक्लै रहेछन्,' मण्डल भन्छन्, 'यसका अतिरिक्त अन्य पुरातात्विक महत्वका हतियार कारखानाका अवशेष र महाभारतकालीन जनश्रुतिका धार्मिकस्थलले यहाँको परिचय विशिष्ट बन्ने आधार छन्, यिनलाई पर्यटन प्रवर्द्धनसँग जोड्न सक्नुपर्छ ।'

अवलोकनकर्ताको सुझाव मनन गरेर नै बर्दिबास नगरपालिकाले संस्थागत प्रयत्नबाटै सम्भावना चिन्हित गर्न र तदनुरुप योजनाबद्ध काम अघि बढाउन नगरमा संस्कृति तथा पर्यटन प्रवद्र्धन समिति गठन गरिएको बर्दिबास नगरप्रमुख प्रह्लादकुमार क्षेत्री बताउँछन् ।

'पर्यटकीय सम्भावनाका क्षेत्र पहिचान गर्न र यी क्षेत्रमा गर्न सकिने कामको खाका बनाउन जिम्मेवारीसहितको संस्कृति तथा पर्यटन प्रवद्र्धन समिति गठन गरेका छौं,' क्षेत्री भन्छन्, 'समितिले विभिन्न क्षेत्रको काम हेर्नेगरी उपसमिति बनाएर अघि बढेको छ ।' यहाँको पर्यटकीय क्षेत्रको पहिचान र योजनाबद्ध काम अघि बढाउने कुरालाई प्राथमिकतामा राखिएको उनको भनाइ छ ।

नगरको संस्कृति तथा पर्यटन प्रवद्र्धन समितिले मध्य पाषाण युगकालीन हतियार कारखानाको विज्ञहरूबाट पहिलो चरणको अन्वेषण कार्य र गिद्ध संरक्षणका काम पहिल्याउन काम सुरु गरेको जनाएको छ । 'हामीले मध्य पाषाण युगकालीन हतियार कारखानाको पुरातत्वविद्बाट पहिलो चरणको अन्वेषण कार्य सम्पन्न गराएका छौं, त्यसबाट प्राप्त विज्ञहरूको निष्कर्षले हामी उत्साहित छौं,' समितिका अध्यक्ष हीरालाल गौतम भन्छन्, 'पुरातत्व विभागका विज्ञ र भारतीय पुरातत्वविद्ले गर्नुभएको प्रारम्भिक अन्वेषणबाट यहाँ १० हजार वर्ष पहिलेको ढुङ्गे हतियार बन्ने ठाउँ रहेको निष्कर्ष आएको छ ।' यस काममा अझ योजनाबद्ध ढङ्गले अघि बढ्न सङ्घीय सरकारको चासो बढाउन प्रयत्न गरिएको गौतमको भनाइ छ ।

त्यसैगरी, समितिले गिद्ध संरक्षण र पर्यापर्यावरणको कामलाई व्यवस्थित गर्न उपसमिति बनाएर काम अघि बढाइएको गौतमको भनाइ छ । यस क्रममा गिद्धको आहारा दिगो व्यवस्थापन कसरी गर्न सकिन्छ भन्नेतिर मिहीन तवरले काम थालिएको गिद्ध संरक्षण तथा पर्या पर्यावरण प्रवद्र्धन उपसमितिका संयोजक विशाल बस्नेत बताउँछन् ।

'हामीले पहिलो चरणमा पिठौली वनको गिद्ध व्यवस्थापनको अवलोकन गरेर केही सिक्दैछौं, अब राइमण्डलडाँडाको गिद्धबासको पायक पर्नेगरी गिद्धको आहारा व्यवस्थापनको काम अघि बढाउने तरखरमा छौं,' बस्नेत भन्छन्, 'यसका लागि समुदायसँग छलफल भइरहेको छ ।' यसका लागि दिगो काम गर्नुपर्ने हुँदा तयारीमा समय लागेको उनको भनाइ छ ।

बर्दिबासको चुरे क्षेत्रमा पर्यटन सम्भावना पहिल्याउन दुई वर्ष पहिले (२०८०) बर्दिबास उद्योग वाणिज्य सङ्घको नेतृत्वमा १० वटा सामाजिक संस्थाले गरेका चुरे पदयात्राका क्रममा राइमण्डलडाँडामा गिद्धको समूह देखेपछि यहाँ यसबारे चासो बढेको हो ।

पदयात्रा गर्ने १० सामाजिक संस्थाले नगरक्षेत्रका ३८ ठाउँको परिचयसहित यिनलाई पर्यटकीय क्षेत्र बनाउन पहल गरिनुपर्ने सुझावसहितको पदयात्रा प्रतिवेदन त्यतिबेलै बर्दिबास नगर कार्यपालिकाको कार्यालयलाई बुझाएको थियो । आफूहरूले सुझाएका क्षेत्रमा काम गर्नेगरी नगरपालिकाले संस्कृति तथा पर्यटन प्रवर्द्धन समिति बनाए पनि सम्बद्ध पदयात्री संस्थासँग समन्वय भने नगरेको बर्दिबास उद्योग वाणिज्य सङ्घका अध्यक्ष विष्णु खड्काको गुनासो छ ।

अहिले मुलुकका विभिन्न भेगबाट आउने अवलोकनकर्ताले आफ्नो नगरको चुरेक्षेत्रमा पर्यटन प्रवर्द्धनका प्रशस्त सम्भावना औँल्याएका कुराले बर्दिबास नगरबासी पनि उत्साहित बनेका छन् ।

'जिल्लाको सबै चुरे क्षेत्र हाम्रै नगरमा पर्छ, बाहिरबाट आउने अवलोकनकर्ताले हाम्रो ठाउँको पर्यटन विकासको सम्भावना औँल्याएर देखाएका छन्,' बर्दिबास–११ का नीलहरि गौतम भन्छन्, 'अब तीनै तहका सरकारले हामी जनतालाई केही हुँदैछ भन्ने अनुभूति दिनेगरी यस क्षेत्रको काम अघि बढाउनुपर्छ ।' यसका लागि मुख्यतः स्थानीय सरकारले योजनाबद्ध काम अघि बढाउँदै प्रादेशिक र सङ्घीय सरकारलाई जोड्न पहल लिनुपर्ने उनको सुझाव छ ।

# आँखा अस्पतालमा भारतीय बिरामी आकर्षित

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका झण्डै आधा दर्जन आँखा अस्पतालमा छिमेकी मुलुक भारतबाट दैनिक सैयौँको संख्यामा आँखा रोगी उपचारका लागि आउने गरेका छन् ।

नेपालका आँखा अस्पतालहरूमा आँखाको राम्रो उपचार हुने र सेवा पनि प्रभावकारी भएकाले भारतको बिहार, झारखण्ड, उत्तर प्रदेश र बङ्गाल राज्यबाट समेत ठूलो संख्यामा आँखाका रोगीहरू वीरगंज आउने गरेको नेपाल नेत्र ज्योति संघका केन्द्रीय सदस्य श्याम पोखे्रलले बताए । हाल वीरगंजको केडिया आँखा अस्पतालसहित दृष्टि आँखा अस्पताल, वीरगंज सामुदायिक आँखा अस्पताल, किरण आँखा अस्पताल, माट्रिका सामुदायिक आँखा अस्पताललगायतका आधा दर्जन भन्दा बढी आँखा अस्पताल छन् । ती आँखा अस्पतालमा दैनिक सैयौँको संख्यामा आँखा रोगी भारतबाट आउने गरेको सामुदायिक आँखा अस्पताल वीरगंजका चिकित्सक महेश सिंह धामीले बताए ।

वीरगंजका आँखा अस्पतालमा गुणस्तरीय र सस्तो सेवाका कारण भारतीय आँखाका बिरामी उपचारका लागि आकर्षित भइरहेको दृष्टि आँखा अस्पतालका सञ्चालक विश्वराज गौतमले बताए । सामुदायिक आँखा अस्पतालका नेत्र रोग विशेषज्ञ महेश सिंह धामीका अनुसार आर्थिक वर्ष २०८२–८३ को ४ महिनाको अवधिमा सामुदायिक आँखा अस्पतालले १ हजार ६ सय ३४ जनाको मोतियाविन्दुको शल्यक्रिया गरेको र ७ हजार ४ सय १३ जनालाई चश्मा वितरण गरेको जानकारी दिए । उनले अस्पतालमा सेवा लिने सबैलाई समान शुल्कमा विभेदविहीन सेवा दिइने हुँदा यस अस्पतालमा भारतीय बिरामीको चाप बढेको बताए ।

वीरगंजको केडिया आँखा अस्पतालमा मात्रै आँखा परीक्षण तथा उपचारका लागी भारतबाट दैनिक ३ सय देखि ४ सय जना बिरामी आउने गरेको केडिया आँखा अस्पतालका सञ्चालक सन्जय केडियाले जानकारी दिए । मोतियाविन्दुको शल्यक्रियासहित आँखाका जटिल प्रकारका शल्यक्रिया समेत केडिया आँखा अस्पतालमा हुने गरेको छ । विशेषगरी आँखामा मासु पलाउने, नेत्र ज्योति समस्या, चश्मा प्रयोग गर्नुपर्नेलगायतका समस्या लिएर भारतबाट आँखा रोगी केडिया आँखा अस्पतालमा आउने गरेका छन् ।

सहकारी ऐन २०४८ बमोजिम स्थापित
द.नं. २४/०६५/०६६ (डि.स.का. धनुषा)
प्यान नं. ३०३४४४५५४

## आस्था बचत तथा ऋण सहकारी संस्था लि.
Aastha Saving & Credit Co-operative Society Ltd.
प्र.का. : जनकपुरधाम-११, धनुषा, मधेश प्रदेश
सेवा केन्द्र : क्षीरेश्वरनाथ न.पा.-५, महेन्द्रनगर, धनुषा
नेफस्कून

आस्था वचत तथा ऋण सहकारी संस्था लि. जनकपुरधाम धनुषाको
### १६ औँ वार्षिक साधारण सभाको सूचना

आदरणीय शेयर सदस्य ज्यू,
यस आस्था वचत तथा ऋण सहकारी संस्था लि. जनकपुरधाम, धनुषाको मिति २०८२।०८।१३ गते शनिवार बसेको संचालक समितिको बैठकले संस्थाको पुर्नलिखित विनियम २०८१ को दफा २७ अनुसार सहकारी विभागले जारी गरेको सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका २०७६ संशोधित, २०७७ बमोजिम तपसिलमा उल्लेखित साधारण सभाको कार्यसूची अनुसारको छलफल र निर्णय गर्न तपसिलका मिति, समय र स्थानमा इकाईगत रुपमा सम्पन्न हुने भएकोले यहांको अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारण सभामा छलफल तथा निर्णयार्थ प्रस्तुत गरिने कार्यसूचीहरु :**
१. संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने सम्बन्धमा ।
२. लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन प्रस्तुत र पारित गर्ने सम्बन्धमा ।
४. आ.व. २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिकको सम्बन्धमा ।
५. आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत र पारित गर्ने सम्बन्धमा ।
६. कर्मचारीहरुको नियुक्ति, दरबन्दि तथा राजीनामा स्वीकृत सम्बन्धमा ।
७. नियामक निकायहरुको निर्देशन अनुसार आन्तरिक नीति तथा कार्यविधिहरु पुनरावलोकन, संशोधन तथा पुनरलेखन सम्बन्धमा ।
८. सम्पत्ति शुद्धिकरण निवारण प्रतिवेदन सम्बन्धमा ।
९. कानुनी प्रकृया अपनाई संस्थाको लेना रकम असुल गर्ने सम्बन्धमा ।
१०. संस्थाको भवन निर्माण सम्बन्धमा ।
११. ऋण उप समितिको प्रतिवेदन प्रस्तुत र पारित गर्ने सम्बन्धमा ।
१२. निस्कृय शेयर सदस्यहरुको सम्बन्धमा ।
१३. एकाई साधारण सभाको निर्णय र अन्तिम निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि छनौट सम्बन्धमा ।
१४. संचालक समिति, लेखा सुपरिवेक्षण समिति लगायत उपसमितिको बैठक भत्ता तथा प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक सम्बन्धमा ।
१५. विशेष प्रस्तावहरुको सम्बन्धमा ।
१६. विविध

**तपसिल**
**कार्यक्रम हुने मिति, समय र स्थान**
- मितिः २०८२ साल पौष २६ गते शनिवार
- समयः दिनको १२:०० बजे देखि
- स्थान : जनकपुरधाम उद्योग वाणिज्य संघ (व्यापार संघ),

**पुनश्च**
१. एकाईहरुको विस्तारित बैठक सम्बन्धी सूचना संस्थाद्वारा सूचना पार्टीमा टांस गरि तथा सामाजिक सञ्जाल र विद्युतिय माध्यमबाट जानकारी गराईनेछ ।
२. साधारण सभाको बैठकमा भाग लिन आउंदा सदस्यता परिचयपत्र वा सदस्यता खुल्ने कागजात सहित सदस्य स्वयं उपस्थित हुनुपर्नेछ ।
३. सदस्यहरुले आफ्नो सुझाव सल्लाह, निर्णय प्रमाणिकरण सभा भन्दा अगावै संस्थामा लिखित वा मौखिक रुपमा उपलब्ध गराउन सकिनेछ ।
४. एकाई बैठकबाट छानिनु हुने सदस्यहरु मिति २०८२ साल पौष २७ गते निर्णय प्रमाणिकरण सभामा अनिवार्य सहभागी हुनुपर्नेछ ।

**आज्ञाले**
**(नविन कुमार कर्ण)**
**प्रमुख कार्यकारी अधिकृत**

E-mail: aasthajnk2012@gmail.com
फोन नं. ०४१-५२८७६६

# अवरुद्ध पूर्व–पश्चिम राजमार्ग सञ्चालनमा

**रौतहट ।**
पूर्व–पश्चिम राजमार्गअन्तर्गत रौतहटको चन्द्रनिगाहपुरमा शनिबार दिउँसोदेखि अवरुद्ध भएको सडक खुलेको छ । शुक्रबार चन्द्रनिगाहपुर–गौर सडकखण्डअन्तर्गत मोथियाही पुल नजिक भएको सवारी दुर्घटनाका मृतकका आफन्तले शनिबार चन्द्रनिगाहपुरमा आएर राजमार्ग अवरुद्ध गरेका थिए ।

शुक्रबार गौरबाट चन्द्रनिगाहपुरतिर आउँदै गरेको ना४ख ६५४७ नम्बरको बस र चन्द्रनिगाहपुरबाट जाँदै गरेको ना३९प ४२४० नम्बरको मोटरसाइकल ठोक्किँदा वृन्दावन नगरपालिका–२ विश्रामपुरका ४० वर्षीय नागेन्द्र पटेलको मृत्यु भएको थियो ।

बस मालिकले कानूनले तोकेकोभन्दा बढी रकम नदिने अडान राखेपछि मृतकका परिवारले राजमार्ग ठप्प पारेका थिए । वृन्दावन नगरपालिकाका पूर्वनगर प्रमुख रामस्नेही रायले पीडित परिवारको अवस्था कमजोर भएकाले थोरै रकम थप्न अनुरोध गरेको बताए ।

बसका चालक अमृतबहादुर विकलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक रुपा लाबुङले राजमार्ग खुलाइएको जानकारी दिए । मोटरसाइकलमा मृतक पटेलका दुई छोरा र एक छोरी चढेका थिए ।

प्रहरीका अनुसार मोटरसाइकलमा सवार मृतक पटेलका छोरा १२ वर्षीय युवराजको निधारमा चोट लागेको छ भने ११ वर्षकी छोरी आकृतिको खुट्टा र टाउकामा चोट लागेको छ । पटेलका १५ वर्षीय छोरा प्रिन्सकुमारको खुट्टा, हात र निधारमा चोट लागेको छ ।

# जसपा नेपालद्वारा जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जसपा नेपालले जिल्ला प्रशासन कार्यालय धनुषा अगाडि आइतबार पनि धर्ना प्रदर्शन गरेको छ । पार्टीको पूर्व निर्धारित कार्यक्रम अनुसार जसपा नेपाल धनुषाका नेता तथा कार्यकर्ताहरुले जिल्ला प्रशासन कार्यालय, धनुषा अगाडि धर्ना प्रदर्शन गरेको हो ।

जसपा, नेपालले उठाउदै आएको मागहरुमध्ये प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण, महिला, दलित आरक्षित निर्वाचन क्षेत्र, राज्यको सम्पूर्ण निकायमा समानुपातिक सहभागिता, किसानको मलखाद्य व्यवस्थापन, नागरिकता समस्या समाधान सहितका २२ बुँदे माग राख्दै जसपा नेपालले देशभरीका जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना प्रदर्शन गरेको हो ।

जसपा नेपाल धनुषाका अध्यक्ष पशुपति यादवको अगुवाईमा जनकपुरधाममा भएको धर्ना प्रदर्शनमा पार्टीका केन्द्रीय, प्रदेश, जिल्ला र स्थानीय नेता तथा कार्यकर्ताहरुको सहभागिता रहेका थियो ।

# एम्बुलेन्सबाट ५१ किलो गाँजा बरामद

**सर्लाही ।**
एम्बुलेन्सबाट ५१ किलो गाँजा बरामद भएको छ । हरिवन नगरपालिका–५ घुर्कौलीस्थित हीरालाल टोलबाट गाँजा बोकेर हिँड्न ठिक्क पारिएको एम्बुलेन्स आइतबार बिहान प्रहरीले नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालयका अनुसार नेपाल रेडक्रस सोसाइटी रामनगर बहुअर्वाको नाममा रहेको ज१च १५५८ नम्बरको एम्बुलेन्स गोप्य सूचनाका आधारमा हरिवनस्थित इलाका प्रहरी कार्यालयको टोलीले नियन्त्रणमा लिएको हो । त्यसका चालक रौतहटको यमुनामाई गाउँपालिका–४ सरुअठाका ३७ वर्षीय सुरेन्द्र राय यादवलाई पनि पक्राउ गरिएको छ ।

यसैबीच, लालबन्दी नगरपालिका–११ हिरापुरबाट सोही नगरपालिका–१४ नारायणखोलाका २५ वर्षीय गङ्गाबहादुर वाइवालाई ५२ किलो गाँजासहित प्रहरीले नियन्त्रणमा लिएको छ ।

सम्पादकीय


# अंशुको मृत्यु र माइतीको मुद्दा अनि मधेशमा महिलाको अवस्था

धनुषाको बटेश्वर गाउँपालिका–१ चित्रपुरमा सात महिनाकी गर्भवती २३ वर्षीय अंशु कुमारी महतोको असोज १३ गते साँझ करिब ५–६ बजेको बीचमा शंकास्पद रुपमा मृत्यु भएको थियो। मृतककी माइती पक्ष र परिवारले मृत्युको कारण आत्महत्या नभई ससुरालमा भएको उत्पीडन र त्यसपछि हत्याका आशंकामा केन्द्रित छन् । मृतककी बहिनी आकृति कुमारी महतोले घटनालाई शंकास्पद ठहर गर्दै प्रहरी प्रशासन र सम्बन्धित निकायलाई निष्पक्ष र छिटो अनुसन्धान माग गरेकी छिन्। आकृतिको भनाइमा घटनापश्चात तुरुन्त पोस्टमार्टम नगर्नु, प्रारम्भिक अवस्थामै प्रहरीलाई घटनाबारे भ्रमपूर्ण जानकारी दिनु, शवमा झुण्डिएको स्पष्ट चिन्ह नदेखिनु र शरीरमा घाउ–नङको निशान (घाँटी–साइड) देखिनुले हत्याको आशंका हो।

मृत्युपछि घाँटीमा लागेको निशान र शरीरका केही चिन्ह हेरेर माइतीपक्षले यो अनुमान गरेका हुन्। घटनास्थल र व्यवहार पनि उनीहरुले शंकास्पद मानेका छन् । यस विषयमा घरमा कसैसँग स्पष्ट जवाफ पनि छैन। माथि कोठामा झुन्डेको भनेका थिए। पछि तल झुण्डिएको भनेका छन् । मृतककी श्रीमान् शिव कुमार महतोले घटनापश्चात परिवारले प्रहरी र माइतीलाई समयमा जानकारी नदिनु गल्ती भएको स्वीकार गरे पनि कसैको ज्यान जाँदा पनि गम्भीर नबन्नू पक्कै महिलामाथि आक्रमणलाई सामान्यीकरण हो। मृतकका देवर राकेश कुमार महतोले घटना भएका दिन साँझ करिब ६ बजे घर फर्कँदा आमाले भाउजू अंशुलाई झुण्डिएको अवस्थामा देखेर चिच्याइरहेकी बताएका छन्। त्यसपछि घरभित्र प्रवेश गर्दा अंशु झुण्डिएको र हात मोडिरहेको अवस्थामा भेटिएको उनको जवाफ छ । अंशुको घटनास्थलमै मृत्यु भएको प्रहरीले भनेको छ।

मृतककी आमा बिना कुमारी देवीले छोरी आत्महत्या गर्न सक्ने अवस्थामा नरहेको दाबी गर्दै अंशुको ससुरालीको यातना र दबाबमा हत्या भएको आरोप लगाइन्। अंशुले पढाइ र व्यवसायका लागि पैसा माग्दा ब्युटीपार्लर खोल्नसमेत ससुराली पक्षबाट दबाब र आर्थिक माग भइरहेको थियो। एउटा सात महिनाकी गर्भवतीको मृत्युमा पनि मधेश संवेदनशील बन्दैन । यावत् शंकास्पद व्यवहारमा पनि प्रहरी प्रशासन कारबाहीका लागि सक्रिय हुँदैन । एउटी नागरिकले नागरिकताका लागि संघर्ष गर्दा मृत्युवरण गरिन् भनेर प्रधानमन्त्रीले माफी मागेको सायद धनुषाले थाहा पाएन । मधेशमा हरदिन यसरी महिलाको मृत्यु गुमनाम भइरहेको छ। उनीहरुको बोल्ने मान्छे नहुँदा त झन मरेको खबर पनि आउन छाडेको अवस्था छ।

# गतिशील र समाधानउन्मुख संवादका लागि दोहा फोरम



धर्मेन्द्र झा

विश्वव्यापी व्यापार, प्राविधिक विकास र कृत्रिम बौद्धिकताको रूपान्तरणकारी उदयलगायत विश्वका ज्वलन्त चुनौतीबारे बृहत् बहस गर्ने अपेक्षा गरिएको दोहा फोरम शनिबार शुरू भएको छ।

विश्वका राष्ट्र प्रमुख, नीतिनिर्माता र विश्वव्यापी विशेषज्ञलाई एक गतिशील र समाधानउन्मुख संवादका लागि एकैठाउँमा भेला गर्ने उद्देश्यसहित आयोजना भएको दुईदिने सम्मेलनले बढ्दो भूराजनीतिक तनाव र मानवीय आवश्यकताहरूको पृष्ठभूमिमा मञ्चलाई बहुपक्षीय संलग्नताका लागि एक सामयिक केन्द्रका रूपमा स्थापित गर्ने विश्वास गरिएको छ।

कार्यसूचीमा समावेश मुख्य विषयमा गाजा सङ्कट, विश्वव्यापी स्वास्थ्य वित्त पोषण र सम्बद्ध राष्ट्रहरूले आवश्यक सेवाका लागि कोष जुटाउने जिम्मेवारीबारे बहस हुने आयोजकले बताएको छ। परिवर्तनशील राष्ट्रिय नीतिहरूको बीचमा विश्वव्यापी व्यापार मार्गहरूबारे पुनर्विचार गर्ने आवश्यकताबारे भेलामा गहन छलफल हुने अपेक्षा सहभागीले लिएका छन्।

शनिबार सम्पन्न एक सत्रमा एआईको प्रत्यक्ष एवम् अप्रत्यक्ष प्रभाव र अमेरिका–चीन सम्बन्धमा गहन छलफल भएको छ । अमेरिका–चीन विवादको तरङ्गले विश्वभरको व्यापार प्रवाह र आपूर्ति श्रृङ्खलालाई प्रभावित पारेको भए पनि हालै भएका सहमतिले वैश्विक आर्थिक गतिविधिलाई पुनःआकार दिइरहेका भनी खुसी व्यक्त गरिएको छ।

जोर्डनको अल अल बैत विश्वविद्यालयको बिजनेस स्कुल फर क्वालिटीका एशोसिएट डिन डा ओमर ख्लेफ अल घराइबेहले पत्रकारसँगको दूरदर्शी विश्लेषणमा फोरमका एजेन्डा र यसको प्रभावबारे भने, 'विश्व भू–राजनीतिक अस्तव्यस्तता, सुस्त आर्थिक वृद्धि, आथिक हिसाबले शक्तिसम्पन्न राष्ट्रहरूबीच देखिने गरेको उतारचढावबीच भइरहेको अन्तरराष्ट्रिय दोहा फोरम विश्व अर्थतन्त्रको सन्तुलन र सुदृढीकराणका पक्षमा ऐतिहासिक क्षणसहित कोशेढुङ्गा सावित हुने छ।'

उनले 'व्यापारको भविष्यको पुनःकल्पना अब सैद्धान्तिकमात्र नरही, यो लचिलोपन र अनुकूलनशीलताका लागि विश्वव्यापी आर्थिक संरचनालाई पुनःव्यवस्थापन गर्नु एक रणनीतिक आवश्यकता' भएको बताए। एशोसिएट डिनले रेखीय नमूनाहरूबाट हटेर बढ्दो जोखिमको सामना गर्न मञ्चको स्थापना गरिएको र उदयमान यो वैचारिक ढाँचालाई लचिलो विश्वव्यापीकरणका रूपमा वर्णन गरे।

यो परिवर्तन महत्त्वपूर्ण भए पनि यसले बढ्दो संरक्षणवाद र विश्व शक्तिहरूद्वारा आपूर्ति श्रृंखलालाई रणनीतिक रूपमा प्रयोग गरिनुजस्ता वास्तविक चुनौतीहरूको सामना गरिरहेको छ । उनले 'यी गतिशीलताले विश्वव्यापी व्यापारको पुनर्गठनलाई कागजमा देखिनेभन्दा बढी जटिल बनाएको' बताए।

उनले भने, 'लचिलो विश्वव्यापीकरण आपूर्ति श्रृंखलालाई विविधीकरण गर्ने, सीमित उत्पादन केन्द्रहरूमाथिको अत्यधिक निर्भरता घटाउने र महत्त्वपूर्ण उद्योगलाई चयन गरेर पुनःस्वदेशमा स्थापित गर्ने कुरामा निर्भर गर्दछ । यसले बजारको खुलापन र आर्थिक सुरक्षाबीच सन्तुलन कायम गर्ने नियामक सुधारको पनि माग गर्दछ।'

यद्यपि, पछिल्लो समय तीव्र हुँदै गएका प्राविधिक लडाइँ र रणनीतिक प्रतिद्वन्द्विताले यी महत्वाकाङ्क्षालाई चुनौती दिइरहेको र यसले संवेदनशील क्षेत्रमा व्यापार नियमका लागि सहमति हुनबाट रोकिरहेको छ।

प्रमुख थिङ्कट्याङ्क र विश्वव्यापी संस्थाहरूसँगको सहकार्यमा शनिबार भएको अर्को एक बहसमा अन्तरराष्ट्रिय आर्थिक सङ्कट, द्वन्द्व समाधान र दिगो शान्ति स्थापनामा क्षेत्रीय तथा विश्वव्यापी पात्रहरूको जिम्मेवारीबारे छलफल भएको छ।

अन्तरराष्ट्रिय नीति अनुसन्धान केन्द्र, कोनराड एडेनौअर फाउन्डेसन र गल्फ अनुसन्धान केन्द्रसँगको सहआयोजनामा भएको सत्रले रणनीतिक अलगावको युगमा खाडी मुलुक र युरोपेली सङ्घ (इयु) सम्बन्धको बहस गरेको छ। यसमा परिवर्तनशील भू–राजनीतिक गतिशीलता र नवीकृत सहकार्यका अवसरहरूको मूल्याङ्कन गरिनेछ।

फोरमले गेट्स फाउन्डेसनसँगको साझेदारीमा विश्वव्यापी स्वास्थ्य वित्त पोषणको अस्थिरतालाई पनि सम्बोधन गर्ने बताएको छ । जसमा घट्दो अन्तरराष्ट्रिय सहायताले हासिल गरेको प्रगतिलाई जोखिममा पार्ने अवस्थामा प्राथमिक स्वास्थ्य सेवा प्रणालीहरूलाई सुदृढ पार्न नयाँ खोजबारे बहस भएको छ।

कृत्रिम बौद्धिकतालाई दुईधारी तरबारका रूपमा चित्रण गरिएको समस्यालाई जेजु पिस इन्स्टिच्युटको सहकार्यमा हुने अर्को सत्रको बहसमा एआईको जिम्मेवार सैन्य प्रयोगमा केन्द्रित भएर यसको विस्तृत विश्लेषण गरिएको छ। 'सेन्टर फर चाइना एन्ड ग्लोबलाइजेसन'सँगको एक सत्रमा बदलिँदो विश्व व्यवस्थामा जोखिम र अवसरहरू, व्यापार, कूटनीति र शक्तिको पुनःसंरक्षणमा यसको प्रभावको मूल्याङ्कनसहित विकसित हुँदै गरेको अमेरिका–चीन सम्बन्धको अध्ययन र असरबारे बहस भएको थियो।

विश्वका १ सय ६० भन्दा बढी मुलुकका छ हजार बढी सहभागी र करिब ५ सय वक्ताले दोहा फोरमलाई अझ प्रभावशाली र गरिमामय बनाएको छ। विश्वव्यापी संवाद मञ्चका रूपमा फोरमले सहयोग, जवाफदेहिता र साझा प्रगतिलाई अगाडि बढाउँदै कूटनीतिलाई साझेदारीसँग जोड्न प्रयास गरेको छ।

उद्घाटन समारोहमा कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान बिन जस्सिम अल थानीले भने, 'विश्वमञ्चमा कतारको भूमिका संवाद र मध्यस्थता कायम राख्न केन्द्रित छ । हामी कुनै पक्षको समर्थन नगरी, द्वन्द्व समाधान र मानवीय पीडा अन्त्यका लागि सहयोग गर्छौं।' उनले गाजा र युक्रेनमा शान्ति स्थापनाको प्रयासमा कतारले सक्रिय भूमिका निर्वाह गरेको बताए।

फोरमको अर्को एक सत्रले बिल एन्ड मेलिन्दा गेट्स फाउन्डेसनसँगको साझेदारीमा विश्वव्यापी स्वास्थ्य वित्त पोषणको अस्थिरताबारे छलफल गरेको थियो । त्यसक्रममा घट्दो अन्तरराष्ट्रिय सहायताले विश्वका स्वास्थ्य कार्यक्रमको प्रगतिलाई जोखिममा पार्ने अवस्था सृजना गरेकाले प्राथमिक स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ पार्न नयाँ संरचनाको खोजी गर्न जरूरी भएकामा जोड दिइएको थियो।

दोहा फोरम २०२५ मा विश्वप्रसिद्ध उद्यमी र माइक्रोसफ्टका संस्थापक बिल गेट्सले पनि विश्वव्यापी स्वास्थ्य प्रणाली सुदृढ पार्न वित्तीय सहयोग र प्रविधिको प्रयोग आवश्यक रहेको बताए। उनले भने, 'भविष्यका स्वास्थ्य चुनौती सामना गर्न हामीले सामूहिक प्रयास गर्नुपर्छ र प्रणालीगत सुधारमा ध्यान दिनुपर्छ।'

कतारको अल–राया दैनिकले दोहा फोरम २०२५ को महत्त्वलाई विशेष रूपमा उजागर गर्दै यो फोरम अहिलेको संवेदनशील विश्व परिस्थितिमा अत्यधिक आवश्यक भएको टिप्पणी गरेको छ। 'फोरमले राजनीतिक तनाव, मानवीय सङ्कट र तीव्र प्रविधि–परिवर्तनका बीच विश्वलाई न्यायपूर्ण दिशातर्फ अघि बढाउन योगदान गर्नेछ,' दैनिकले लेखेको छ।

दोहा फोरमले कतारलाई केबल आयोजकमात्र नभई विश्वको भविष्य निर्माणमा सक्रिय साझेदारका रूपमा स्थापित गरेको छ। फोरममा आयोजित विभिन्न सत्रहरूमा मध्यस्थता, गाजा सङ्कट, विश्व स्वास्थ्यका लागि वित्तीय स्रोत, कृत्रिम बौद्धिकताको रणनीति र प्रमुख शक्तिहरूबीचको सम्बन्धजस्ता प्रमुख विषयलाई प्राथमिकता साथ उठाएको छ। यी छलफलहरूले दिगो, सन्तुलित र न्यायपूर्ण विश्व निर्माणका लागि व्यावहारिक समाधान खोज्नु अपरिहार्य रहेको सन्देश दिएको सहभागीहरूको भनाइ छ।

दोहा फोरम २०२५ ले बहुपक्षीय कूटनीतिप्रतिको कतारको दृढ प्रतिबद्धता पुनःपुष्टि गरेको र विश्वका गम्भीर चुनौती समाधान गर्न संवाद र सहकार्यको बाटो सुदृढ बनाएको अल–रायाले जनाएको छ।

**सत्यको खोजीका लागि मिडिया शक्तिको भूमिका**

अन्तरराष्ट्रिय मिडियासँगको सहकार्यमा 'मिडियाको शक्ति र सत्यको खोज' शीर्षकमा सम्पन्न अर्को एक महत्वपूर्ण छलफल कार्यक्रममा विश्वका विभिन्न देशका वरिष्ठ सञ्चारकर्मीको उल्लेख्य उपस्थिति थियो।

स्काई न्यूजकी पत्रकार याल्दा हाकिमले सञ्चालन गरेको 'प्यानल' छलफल कार्यक्रममा विश्वमा देखिएका जल्दाबल्दा समस्या र समाधानका उपायलगायतका विषयमा घनीभूत छलफल भएको थियो । अमेरिकी राजनीतिक बहस कार्यक्रम टकर कार्लसन नेटवर्कका कार्यकारी प्रमुख र सहसंस्थापक नील पटेलले सहआयोजना गरेको कार्यक्रममा सहभागीहरूले गाजा क्षेत्रमा स्थलगत समाचार सङ्कलनमा खटिने पत्रकारहरूको सङ्घर्ष र साहसको स्वागत गरेका थिए।

उनीहरूले स्मार्ट उपकरण र मोबाइल फोनमा विशेषगरी सामाजिक मिडिया प्लेटफर्महरूमा सधैँजसो प्रस्तुत हुने आधुनिक पत्रकारिताको अभ्यासमा नयाँ मिडियाको बढ्दो महत्त्वलाई पनि जोड दिए। यसले आधुनिक युगमा समाचार र सूचनाको प्रसारमा क्रान्ति ल्याएको र प्रविधिको विकाससँगै आमसञ्चारकर्मीहरू त्यसमा अभ्यस्त हुनुपर्नेमा जोड दिइएको थियो।

वक्ताहरूले पत्रिका, रेडियो स्टेसन, समाचार एजेन्सी र टेलिभिजन नेटवर्कसहित परम्परागत मिडियाद्वारा उत्पादित समाचार सामग्रीको वितरण विस्तार र गति बढाउन यी प्लेटफर्महरूको महत्त्वमा जोड दिएका थिए।

उनीहरूले केही आधुनिक मिडिया उपकरणहरूको नकारात्मक पक्षलाई पनि छलफलका विषयमा समावेश गरेका थिए । विशेषगरी अपुष्ट जानकारीको द्रुत प्रसार वा गलत वा भ्रामक सामग्री उत्पन्न गर्ने एआई प्रविधिहरूबारे पनि कार्यक्रममा विशेष रूपमा उठान गरिएको थियो।

समापनका अवसरमा 'प्यानलिस्ट'हरूले अविश्वसनीय, प्रमाणित स्रोतको अभाव भएका भ्रामक वा मनगढन्ते समाचारहरू फैलाउने मिडियाबाट जोगिन, सिर्जनशील र सार्थक पत्रकारितालाई प्राथमिकता दिन, सञ्चारकर्ममार्फत समाजको विकास र प्रगतिमा योगदान पुर्याउन र एआईको सदुपयोग गरी अझ परिष्कृत एवम् जिम्मेवारपूर्ण पत्रकारिता गर्न आग्रह गरेका थिए। रासस

# गुलियो उखुखेतीको अमिलो कथा

सिङ्गबहादुर थापा



गुलियो सक्खर निस्कने उखुको रस सर्लाहीको धन्कौल गाउँपालिका–३, छन्कीका विलास रायलाई कहिल्यै गुलियो भएन। ६८ वर्षका रायले उखुको स्वाद सधैँ नमिठो अनुभव गर्नुपरेको छ। नगदेबाली भनिने उखुखेती गरेका उनले चिनी उद्योगलाई बेचेको वर्षौंसम्म पनि भुक्तानी पाउन नसक्दा उनले उखुको स्वाद आँखाबाट झरेको आँशुमा नुनिलो महसुस गर्नुपरेको छ । घर नजिकै रहेको अन्नपूर्ण चिनी उद्योगलाई बिक्री गरेको उखुको पैसा पाउन मुटु काप्ने चिसोमा काठमाडौँसम्म पुगेर आन्दोलन गर्नुपर्दा उनको मन धेरैपटक रोयो। 'कैयन पटक त अनायासै आँखा पनि रुझे,' उनले भने, 'त्यसबेला हो मैले उखुको रस नुनिलो पनि हुने रहेछ भनेर थाहा पाएको।' राय जस्तै उखुको नमिठो स्वाद चाख्ने सर्लाहीमा धेरै किसान हुन्। हरेक वर्ष उखु पाक्ने बेलामा सरकारले उखुको मूल्य कति तय गर्ला ? सरकारले तय गरेको मूल्यमा उखु बेच्दा उखुखेतीको लगानी उठ्ला कि नउठ्ला ? त्यसबाट बचेको पैसाले परिवारको वर्षदिनको लालनपालनको खर्च पुग्ला कि नपुग्ला ? भैपरी आउने खर्च पनि त्यसैमा टर्ला कि ऋण खोज्नुपर्ला ? कसरी चाडपर्व मनाउने ? भन्ने जस्ता चिन्ताले किसानलाई सधैँ पिरोलिरहने रायले सुनाए।

वर्षभरि मेहनत गरेर हुर्काएर बेचेको उखुको रकम समयमा नपाउने, सरकारले किसान सडकमा नआएसम्म कबोल गरेको अनुदानसमेत नदिने परिपाटीले किसानलाई थप निराश बनाएको बरहथवा नगरपालिका–५ का किसान मोहन दासले बताए। दासले पनि यस वर्षदेखि उखुखेती घटाएका छन्। सधैँको झन्झट सहन नसकेर यसवर्ष दुई बिघा खेतको उखु हटाएको उनले सुनाए । वर्णशङ्कर जातको मकैखेतीबाट राम्रो आम्दानी हुने भएपछि यहाँका किसान त्यतै लागेको उनको भनाइ छ । दासकै सिमानाका एक दर्जन बढी किसानले उखुखेती हटाएर उन्नत जातको मकै, तोरी, धानखेती शुरू गरेका छन्। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत एक थान डिपबोरिङ खेतकोबीचमा गाडेकाले उखुखेतीको बाध्यता हटेको उनी सुनाउँछन्।

नगदेबालीका रुपमा गरिने उखुखेतीको क्षेत्रफल सर्लाहीमा कति छ भन्ने यकिन तथ्याङ्क छैन तर एक दशक पहिलाको इन्दुशङ्कर चिनी उद्योगको सर्भेलाई आधार मान्दा यहाँ करिब ३५ हजार बिघा खेतमा उखुखेती हुने गरेको थियो। तर, पछिल्लो समय उखु खेतीको क्षेत्रफल खुम्चिदो अवस्थामा रहेको विभिन्न तथ्याङ्कले देखाएको छ। उखु काट्ने याम आर्थिक वर्ष २०८१–८२ का लागि हरिवनमा रहेको इन्दुशङ्कर चिनी उद्योगले छ हजार ७०० बिघामा उखुखेती भएको जनाएको छ।

यस्तै, जिल्लाको दक्षिणी क्षेत्र गोडैतामा रहेको महालक्ष्मी चिनी उद्योग बगदहले सात हजार ५ सय बिघामा उखुखेती रहेको सर्भे गरेको उद्योगका प्रशासकीय अधिकृत शिवशङ्कर महतोले बताए। नियमित उखु क्रसिङ् गर्न नसकेको अन्नपूर्ण चिनी उद्योग धन्कौलले भने आफ्नो क्षेत्र नछुट्टिएकाले उखु सर्भे नगरेको जनाएको छ। अहिले सरदर २० देखि २१ हजार बिघाको हाराहारीमा उखुखेती भइरहेको जिल्ला कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा उल्लेख छ। उखुखेती घटनुमा मुख्य कारण नगलेबाली उधारोमा र झन्झटपूर्ण तरिकाले उद्योगको मूल्यमा बिक्री गर्नुपर्ने बाध्यता रहेको किसान बताउँछन्। सरकारले उखु किसानको माग पूरा नगरेका कारण केही वर्षदेखि उखु फल्ने फाँटहरुमा धान, मकै र तोरी फुल्न थालेको बागमती नगरपालिका–११, का किसान नीलकण्ठ देवकोटा बताउँछन् । 'थोरै खेत भएका र सिँचाइको सुविधा भएका स्थानका किसानले यसवर्ष नै धेरै उखु हटाएका छन्,' उनले भने, 'सरकारले किसान प्रोत्सानको लागि अनुदान दिनुपर्नेमा उद्योगले तिरेको करबाट किसानले पाएको अनुदानसमेत रोक्ने काम भएको छ।'

यस क्षेत्रकै ठूलो उखु किसानका रुपमा रहनुभएका देवकोटा राज्यले अनुदानमा अन्याय गरे अर्को वर्षबाट उखुखेती गर्न नसकिने बताउँछन्। सरकार र उद्योगीले हचुवाको भरमा तय गरेका मूल्यमा फसल बेच्नुभन्दा खेती छोड्नु सुरक्षित रहेको उनको धारणा थियो । सरकारले उखुखेतीलाई व्यवस्थित बनाउन नचाहेको अर्का उखु किसान रामप्रसाद मैनालीको पनि भनाइ छ। झण्डै तीन दशकदेखि उखुखेती गर्दै आएका उनलेसमेत पछिल्लो समय उखुखेती घटाए। उखुबाट भन्दा अन्य अन्नबालीबाट आम्दानी राम्रो हुन थालेपछि खेती परिवर्तन गर्न थालेको उनले सुनाए । राज्यको उखु किसानप्रतिको दृष्टिकोण र नीतिका कारण निकट भविष्यमा तराईबाट सुर्तीखेती जस्तै उखुखेती पनि हराउनेमा उन चिन्तित छन् । 'यसले उखुखेती मात्र हराउँदैन मैनालीले भने, 'लाखौँ किसानको नगदेबाली खोसिन्छ । दर्जनौँ उद्योग धारासायी हुन्छन्। हजारौँको मजदुरी खोसिन्छ। खर्बौं रकम विदेसिन्छ। करोडौँ उपभोक्ता महँगोमा आयातित चिनी खान बाध्य हुनेछन्।'

उखुखेतीलाई एउटा खेतीका रुपमा मात्र हेर्न नहुने उनको धारणा छ । सरकारले कृषि क्षेत्रलाई सुरक्षित गरेर देशको अर्थतन्त्र सुधार गर्नुपर्ने नेपाल उखु उत्पादन किसान महासङ्घका केन्द्रीय अध्यक्ष कपिलमुनी मैनाली बताउँछन् । नगदे बालीको रुपमा उत्पादन भइरहेको उखुखेतीलाई व्यवस्थित व्यवस्थापन र किसानलाई सम्मानजनक प्रोत्साहन आजको आवश्यता रहेको मैनाली दाबी गर्छन्।

उद्योगीले पछिल्लो समय उखुको बीउ मल, उपकरणलगायतको कुरामा किसानलाई सहयोग गरेर उत्पादन बढाउने काम गरिरहेको भन्दै राज्यले यसतर्फ ध्यान नदिएको उनले गुनासो गरे। उखुभन्दा अन्य खेती अहिले किसानको लागि लाभदायक देखिन थालेको अध्यक्ष मैनालीको भनाइ छ। उखु खेतीलाई सरकारले कुनै कार्यक्रममा समेत नसमेटेर उपेक्षा गरेकामा उनले दुखेसो पोख्नुभयो। सरकारले २०७८ सालमा गरेको कृषि गणनामा अन्य खेती र पशुपालनलाई तथ्याङ्कमा समेटेको तर उखुखेती कतै उल्लेख नगर्नुले राज्यको उखुखेती र किसानप्रतिको दृष्टिकोण सकारात्मक नरहेको गुनासो गरे।

**बाध्यतामा उखुखेती**

नगदेबालीका रुपमा रहेका उखुखेती बाध्यताको खेती बन्दै गएको छ । भुक्तानीमा हुने झन्झट, मूल्यमा मनोपोली लगायतका बाबजुद किसानले उखुखेती गर्नुपर्ने बाध्यता छ। तथ्याङ्क विभागले गरेको कृषि गणना २०७८ अनुसार सर्लाहीमा अझै १९ हजार ७९३ बिघा चार कठ्ठा खेतमा सिँचाइको कुनै सुविधा छैन्। यस क्षेत्रका किसानले आकासे पानीको भरमा खेती गर्नुपर्ने बाध्यता छ। यस्ता सुक्खा ठाउँमा अन्य बाली नहुने भएकाले उखु एक मात्र बाध्यता रहेको हरिवन नगरपालिका–११ का उखु किसान अशोक थापाले बताए। राज्यले सिँचाइको सुविधा दिने हो भने आफूहरु उखुखेती तत्काल हटाउने पक्षमा रहेको उनको भनाइ छ।

उनले भने, 'यो बाध्यता हो। यहाँ अरुखेती हुँदैन, बरु थोरै भए पनि उखु हुन्छ भनेर खेती गरिरहेका हौँ।' वर्षामा भेलले अन्य बालीमा क्षति गर्ने भएपछि उखु रोप्ने गरेको बरहथवा नगरपालिका–१५, पिप्राभित्ताका किसान लक्ष्मण महतो बताउँछन् । उनको एक बिघाखेत बागमती ड्याम पारी छ। 'हरेक वर्ष बागमती उर्लेर आउँदा अरुबाली केही रहँदैन,' उनले भने, 'उखुमा कम क्षति हुने भएकाले उक्त खेतमा बर्सेनि उखु लगाउने गरेको छु।'

पछिल्लो समय तराईका जिल्लामा बढ्दो वैदेशिक रोजगारीका कारण कृषि कामदार नपाउने समस्या छ। तर, उखुबाली एक पटक लगाएपछि वर्ष दिन केही गर्नुनपर्ने भएकाले पनि धेरै खेती हुने किसानले उखु लगाउने गरेका छन् भने मलखादको समस्याका कारणसमेत धेरै किसान उखुखेती गर्न बाध्य छन् । राज्यले अन्य खेतीको लागि पुग्ने गरी मलखादसमेत दिन नसक्दा उखुखेती बाध्यताको रोजाइमा पर्ने गरेको किसान बताउँछन्। अन्यखेती नहुने भएकाले हरेक वर्ष दुःख पाउने थाहा हुँदाहुँदै पनि उखु रोप्नु परेको अर्का किसान सुनैनादेवी महतोले गुनासो गरे। हरेक वर्ष पैसा आउने– नआउने टुङ्गो नभए पनि उखुबाली चिनी उद्योगलाई जिम्मा लगाउने गरेको उनको भनाइ छ । यसवर्ष पनि आन्दोलनमा जानुपर्ने अवस्था आउन लागेको भन्दै किसानको समस्या बुझ्न सबैसँग आग्रह गरे।

गतवर्षको अनुदान रकम र हालको मूल्य तयको विषयमा अगुवा किसानबीच छलफल भइरहेको छ। यस वर्षको लागि उखुको मूल्य प्रतिक्विन्टल ७ सय ५० तोक्न किसान अगुवाहरुले माग गरेका छन्। उखु किसानका प्रतिनिधि टोलीले कृषि तथा पशुपक्षी विकासमन्त्री डा मदनप्रसाद परियारलाई भेटेर उखुको न्यूनतम् समर्थन मूल्य सात सय ५० रुपैयाँ कायम गर्न माग गरेको उखु किसानसमेत रहेका गोडैता नगरपालिका प्रमुख देवेन्द्र यादवले जानकारी दिए। गतवर्षको बाँकी अनुदानबापतको रकमसमेत निकासा नभए चरणवद्ध आन्दोलन गर्नेसमेत उनहरुको चेतावनी छ।

गत वर्षको क्रसिङ सिजनको तथ्याङ्कअनुसार देशभरिबाट दुई करोड १५ लाख ७२ हजार १ सय ४८ क्विन्टल उखु क्रसिङ भएको थियो। यसबाट १८ लाख २५ हजार ३ सय ३२ क्विन्टल चिनी उत्पादन भएको छ। यो मागको ६०.८५ प्रतिशत मात्र हो। नेपालमा सरदर वार्षिक तीन लाख मेट्रिकटन चिनीको माग रहेको बताइन्छ। रासस

# विमान केवल यात्रु बोकेर गन्तव्यमा पुऱ्याउने माध्यम होइन सुरक्षा र मानव–केन्द्रित सेवाको मेलमिलाप पनि होः मन्त्री सिन्हा




**काठमाडौँ।**
कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले आजको विमान केवल यात्रु बोकेर गन्तव्यमा पुर्Þ्याउने माध्यम मात्र नभई यो नवप्रवर्तन, प्रविधि, सुरक्षा र मानव–केन्द्रित सेवाको मेलमिलाप पनि भएको बताएका छन ।

नेपाल एयर लाइन्सको क्याबिन क्रु एसोसिएसन (सि–क्यान)ले अन्तरराष्ट्रिय नागरिक उड्ड्यन दिवसका अवसरमा आइतवार आयोजित कार्यक्रममा मन्त्री सिन्हाले उडान अझ सुरक्षित, पर्यावरणमैत्री, समयमै, र यात्रु–अनुकूल हुनका लागि विश्वभरी निरन्तर नयाँ–नयाँ नवप्रवर्तन भइरहेका उल्लेख गरे ।मन्त्री सिन्हाले भने, 'स्मार्ट विमान, हरित इन्धन, कृत्रिम बौद्धिकतामा आधारित सेवा प्रणाली, डिजिटल चेक–इन र उन्नत सुरक्षा प्रक्रियामा नविनतम प्रविधिको विकास भएको छ । तर सबैको केन्द्रमा एउटा कुरा उही छ, मानवको भूमिका, विशेषगरी क्याबिन क्रूको योगदान छ ।'

उद्योग, वाणिज्य तथा आपूर्ति तथा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्रीसमेत रहेका उनले नवप्रवर्तन कागजमा मात्र होइन, क्याविनभित्र जीवन्त बनाउनुपर्ने र यात्रुसम्म पुर्याउन क्याबिन क्रुको भूमिका रहने उल्लेख गरे ।

'तपाईंहरूको सीप, अनुकूलता, सिक्ने र बढ्ने तयारीकै कारण विमान विकास आजको अवस्थामा आउन सम्भव भएको हो ।
नवप्रवर्तनले उडानलाई आधुनिक बनाउँछ तर त्यसमा तपाईंहरूको मानवता, मुस्कान, सहानुभूति, धैर्यता भने सधै अपरिहार्य रहन्छ' मन्त्री सिन्हाले भने ।
नयाँ चुनौतीसँगै नयाँ समाधान, नयाँ प्रविधि, नयाँ प्रक्रिया पनि आउने उल्लेख गर्दै मन्त्री सिन्हाले क्याविन क्रुको पेशा यीनै परिवर्तनसँग घुलमिल भएर अघि बढ्ने पेशा भएको धारणा व्यक्त गरे ।

यात्रु उडानको क्रममा आउने मेडिकल इमरजेन्सी, अनियमित मौसम् र कहिलेकाही यात्रुको मनोदशामा क्याबिन क्रुको साहस, करुणा र अनुकूलताले नै संस्थाको पहिचान बनाउने उल्लेख गरे । रासस

# 'सामाजिक सञ्जालमा आउने सूचनाको स्रोत पुष्टि नभएसम्म विश्वास गर्नुहुन्न'

**काठमाडौँ।**
सञ्चारकर्मीले सामाजिक सञ्जालमा आउने सूचनाको स्रोत पुष्टि नभएसम्म विश्वास गर्न नहुने बताएका छन्।
'सामाजिक सञ्जालमा गलत सूचना र भ्रामक सूचनाः डिजिटल युगमा जोखिम, प्रभाव र समाधानको बुझाइ' विषयक छलफलमा उनहरुले सामाजिक सञ्जालमा आउने सूचनालाई सजिलै विश्वास गरेर साझा गर्न नहुने धारणा राखे।
'फोटो केटिएम' र अस्मिता महिला प्रकाशन गृहको आयोजनामा नेपाल आर्ट काउन्सिलमा आइतवार आयोजित प्यानल छलफलमा आफ्ना धारणा राख्दै सञ्चारकर्मी शुभेच्छा विन्दु तुलाधारले कुनै पनि सूचना साझा गर्दा तुरुन्तै प्रकाशन नगरी स्रोतको पुष्टि पश्चातमात्र विश्वास गर्नुपर्ने बताए।
उनले भने, 'मिडियामा सूचना दिने भोकमा ब्रेकिङ समाचार दिने होडबाजी पनि छ, सामाजिक सञ्जालमा व्यापक रूपमा कसरी 'भिवर्स' बढाउने भन्नेमा प्रतिष्पर्धा छ । अनलाइन मिडियामा पनि कपी पेस्ट गर्ने प्रवृत्तिले सूचना गलत प्रवाह भइरहेका छन्।

पत्रकारले पनि बहुस्रोतबाट समाचारको पुष्टि गर्नुपर्छ । उपभोक्ताले पनि गलत वा सही छुट्याउन सचेत हुनैपर्छ। गलत सूचना प्रवाह भइरहेको छ भनेर उपभोक्ताले पनि आवाज उठाउनुपर्छ।'
तुलाधरले मिथ्या र गलत सूचनाको प्रवाह रोक्न सरोकारवाला निकाय पर्याप्त रूपमा सकृय हुन नसकेको बताए।
त्यसैगरी सञ्चारकर्मी तारा चापागाईंले सामाजिक सञ्जालमा जति पनि सूचना आउँछन् त्यो सत्य हो वा होइन सोधीखोजी गरेर मात्र विश्वास गरेर साझा गर्नुपर्नेमा जोड दिए।
उनले भने, 'सञ्जालमा नियतवश र अन्जानमा थुप्रै सूचना फैलिरहेका हुन्छन् । छिट्टै विश्वास गरिहाल्न हुन्न । त्यसमाथि मृत्युका सूचनामा झनै हतारिनु हुन्न र संवेदनशिल बन्नुपर्छ।'
चापागाईंले निर्वाचनको मुखमा गलत तथा मिथ्या सूचना प्रवाह हुन सक्ने र स्वार्थ समूहले प्रभाव पार्न सक्ने भन्दै यसमा व्यक्तिको स्वनिर्णय तथा स्वविवेकले काम गर्नुपर्ने बताए । अस्मिता प्रकाशन गृहकी कार्यकारी निर्देशक सरिता श्रेष्ठले छलफलको सहजीकरण गरेका थिए । रासस

# गृहमन्त्री अर्यालद्वारा निर्माणाधीन संसद् भवनको निरीक्षण



**काठमाडौँ।**
गृहमन्त्री ओमप्रकाश अर्यालले आइतवार सिंहदरबारमा निर्माणाधीन सङ्घीय संसद् भवनको निरीक्षण गरेका छन । उनले संसद् भवन परिसरभित्र 'जेन्जी सहिदका सालिक' का लागि निर्माण गर्न आवश्यक ठाउँको अवलोकन पनि गरेका मन्त्री अर्यालको सचिवालयल जनाएको छ।
जेन्जी सहिदका परिवार र मन्त्रालय सम्बद्ध केही कर्मचारी तथा सचिवालय सदस्यहरूसहित सालिक निर्माणका लागि आवश्यक ठाउँको उपलब्धताबारे र त्यहाँको वस्तुस्थिति बुझ्न मन्त्री अर्याल संसद् भवनको निरीक्षणमा गएका हुन।
सरकारले गत भदौ ३० गतेको मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार जेन्जी आन्दोलनमा ज्यान गुमाएकाहरूको सम्झनामा 'जेन्जी स्मारक पार्क' बनाउने निर्णय गरेको थियो भने गत कात्तिक १७ गते बसेको मन्त्रिपरिषद्को बैठकले आन्दोलनमा मारिएका ४२ जना जेन्जी युवा र तीन प्रहरीलाई सहिद घोषणा गर्ने निर्णय गरेको थियो।
भवन निरीक्षण गर्दै गृहमन्त्री अर्यालले निर्माणाधीन भवनभित्र प्रतिनिधिसभा र राष्ट्रियसभाको मुख्य बैठक बस्ने ग्यालरी कक्षको प्रगति तथा प्राविधिक पक्षबारे समेत जानकारी लिनुभएको थियो।
इन्जिनियरहरूसँग कुरा गर्दै उहाँले थपिएको समयभित्रै संसद् भवन निर्माण परियोजनाको काम सम्पन्न हुने वा नहुनेबारे चासोसमेत प्रकट गर्नुभएको थियो।रासस

# संसद् महत्वपूर्ण र निर्णायक हो भन्ने पुष्ट्याइ गर्ने गरी काम गर्नुसः सभामुख घिमिरे

**काठमाडौँ।**
सभामुख देवराज घिमिरेले सङ्घीय संसद् महत्वपूर्ण र निर्णायक ठाउँ हो भन्ने पुष्टयाइ गर्न परिणाम निकाल्ने गरी कार्य सम्पादन गर्न निर्देशन दिएका छन।
उन्नाइसौँ सङ्घीय संसद् सेवा दिवसका अवसरमा आइतवार आयोजित 'उत्प्रेरित कर्मचारीः उत्कृष्ठ संसद् सेवा' विषयक कार्यक्रममा सभामुख घिमिरेले संसद् महत्वपूर्ण अङ्ग भए पनि त्यो कसरी चल्छ भन्ने चिन्ता र ध्यानाकर्षण गराउन नसकेको बताए।
उनले भने, 'कस्ता किसिमका निर्णय गर्दा सदनको गरिमा बढछ् भन्नेबारे खुला बहस र छलफल हुनुपर्छ।'
कर्मचारीका दायित्व, समस्या र हाम्रो संसद्को चरित्रबारे पनि गहन छलफलको आवश्यकतामा जोड दिँदै सभामुख घिमिरेले कर्मचारीलाई प्रभावकारी नबनाई यो प्रणालीलाई चुस्त तुल्याउन सकिदैन भने । संसद् सेवाका कर्मचारीको मनोबल उकास्नु पर्नेमा तजविजका आधारमा बजेट विनियोजन गर्ने परिपाटीले चूनौति खडा गरेको उल्लेख गर्दै उनले स्थायी सदनकारूपमा रहेको राष्ट्रियसभाको अधिवेशन बोलाउनका लागि वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराए।
सभामुख घिमिरेले भने, 'अहिलेको विशिष्ट परिस्थितिबाट देशले छिट्टै राजनीतिक निकास पाउने विश्वास छ, देशको आवश्यकता अनुरुप सदन प्रभावकारी हुनेछ, आउने दिनमा अन्यौलता हट्नेछ । बनेका कानुन कार्यान्वयन गर्न सरकारलाई सहयोग गर्ने, बाध्य र विवस तुल्याउने तथा तर्जुमा गर्नु पर्ने कानुन पनि समयमै गर्न स्पष्ट दृष्टिकोण, आवश्यक कानुनी व्यवस्था गर्ने छ ।' सो अवसरमा विषय विज्ञकारूपमा पूर्वसचिव राजन खनालले कर्मचारीलाई कार्यजिम्मेवारीले अनुभवी बनाउने भएकाले सबै सेवामा रहनेलाई बृत्ति विकासमा समान अवसर प्रदान गरिनु पर्ने आवश्यकतामा जोड दिए । उनले जनताले सेवा प्राप्तिमा परिवर्तन खोजेकाले कर्मचारीतन्त्र रुपान्तरण हुने पर्नेमा जोड दिए । पूर्वसचिव खनालले सेवा प्रवाहलाई विश्वमा विकास भइरहेको नवीनतम प्रणाली र उपकरणको माध्यमबाट गर्न सकिने बताए।
अर्का विज्ञ जातीरमण भट्टराईले राष्ट्र सेवक कर्मचारी जागरुक र जिज्ञासु भएर राज्यबाट जनतालाई प्रदान गरिने सेवा सहज तुल्याउने गरी कार्य सम्पादन गर्न सुझाव दिए। मनो परामर्श विज्ञ डा खगेन्द्र सुवेदीले निश्चित सूचकका आधारमा आवधिक बढुवा प्रणालीलाई पारदर्शी तुल्याउँदै हरेक कर्मचारीलाई उत्तरदायी तुल्याउनु आजको आवश्यकता भएको बताए । उनले प्रर्याप्त ज्ञान, विशेषज्ञताअनुसारको निर्णय क्षमता प्रस्तुत गर्न सुझाव दिँदै आफ्नो जिम्मेवारी पुरा गर्नुको साटो अरुको चियो चर्चा गर्ने प्रवृत्तिले कर्मचारीतन्त्रमा दरो जरा गाडेको बताए।
सो अवसरमा संसद्का महासचिव पद्मप्रसाद पाण्डेय र सचिव डा रोजनाथ पाण्डेले सहभागिको जिज्ञासा र संसद् सेवाका विविध पक्षबारे जानकारी दिए।रासस

# सरकारले पिसिएल नर्सिङलाई निरन्तरता दिने तयारी गरेको छः मन्त्री गौतम

चितवन।
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा सुधा शर्मा गौतमले सरकारले एसइई परीक्षापछिको नर्सिङ पढाइ (पिसिएल) लाई निरन्तरता दिने तयारी गरेको बताएका छन । भरतपुर अस्पतालको ट्रमासेन्टर तथा कम्पाउण्डिङ फार्मेसीको आइतवार उद्घाटन पछि आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले अहिले अस्पतालमा आवश्यक स्टाफ नर्सको सङ्ख्या कम भएकाले पिसिएल नर्सिङ कार्यक्रम सञ्चालन गर्नेगरी तयारी थालिएको बताए।
मन्त्री गौतमले भने, 'ठूला मेडिकल कलेज र आफ्नै अस्पताल भएका कलेजहरूलाई एसइई पछिको नर्सिङ पढाइको अनुमति दिनेगरी काम गरिरहेका छौँ।'
अध्यादेशमार्फत एउटा बुँदा थपेर भए पनि पढाइ सुरु गर्ने योजनामा सरकार र मन्त्रालय रहेको उनले उल्लेख गरे । अहिले मन्त्रालयले विषयगत रूपमा सात वटा विषयमा सुधार गर्नेगरी काम गरेको उनले बताए।
मन्त्री गौतमले सेवातर्फ मानसिक स्वास्थ्य, श्रमिक स्वास्थ्य, महिला स्वास्थ्य र बालबालिका स्वास्थ्यमा केन्द्रित गरिएको जानकारी दिए । सुधारका क्षेत्रमा स्वास्थ्य बिमा सुधार, औषधिमा गुणस्तरीयता र खरिद प्रक्रियालाई सहजीकरण गर्दै भ्रष्टाचारमुक्त बनाउने गरी काम भइरहेको उनले बताए।
मन्त्री गौतमले भने, 'हामीले प्रतिवेदन तयार पारी कार्ययोजना बनाइरहेका छौँ। शीघ्र यसको नतिजा आउने छ ।' उनले आफ्नो सरकारी जागिरको सुरुआती अस्पताल भरतपुर अस्पतालमा भएको स्मरण गर्दै यहाँको प्रगतिले आफू सन्तुष्ट रहेकोसमेत बताए।
सो अवसरमा बागमती प्रदेशका पूर्वस्वास्थ्यमन्त्री एवं प्रदेशसभा सदस्य उत्तम जोशीले स्वास्थ्य क्षेत्रको सुधारका लागि नीतिगत सुधार गर्दै अघि बढ्नुपर्ने आवश्यकता औँल्याए । उनले भने, 'सरकारी अस्पताल सुधार गर्नुछ भने नीतिगत रूपमा नै सुधार गर्न आवश्यक छ।'
भरतपुर अस्पताल विकास समितिका अध्यक्ष राजु पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट प्राडा कृष्णप्रसाद पौडेलले अस्पतालमा भएका सुविधा र अस्पतालको समस्याका बारेमा जानकारी दिएका थिए।
ट्रमासेन्टर निर्माणका लागि रु ११ करोड खर्च भएको जनाउँदै समितिका अध्यक्ष पौडेलले उपकरणका लागि  दुई करोड ५० लाख रुपैयाँ खर्च भएको उल्लेख गरे।
उनका अनुसार सेन्टर अहिले १५ श्ययाबाट सुरु गरिएको छ भने आगामी दिनमा ५० श्यया पु¥याउने लक्ष्य राखिएको छ।रासस

# सिंहदरबारका क्षतिग्रस्त संरचना चाँडै पुनःनिर्माण हुनेमा पूर्वराष्ट्रपति भण्डारीको विश्वास

**काठमाडौँ।**
पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले गत भदौ २४ गतेको आन्दोलनका कारण क्षतिग्रस्त सिंहदरबार परिसरका संरचना चाँडै पुनःनिर्माण हुने विश्वास व्यक्त गरेकी छन।
गत भदौ २४ गतेको आन्दोलनका कारण क्षतिग्रस्त भएको सिंहदरबारका संरचनाहरुको अवलोकनपछि पूर्वराष्ट्रपति भण्डारीले संरचना ध्वस्त भएको देखेर आफूलाई दुःख लागेको र नेपाल सरकारले यी संरचनाहरुलाई चाँडै पुनः निर्माण गर्ने विश्वास व्यक्त गरेकी हुन।
पूर्वराष्ट्रपति भण्डारीले भविष्यमा यस्ता घटना नहोस् भन्ने कामना पनि गरिन । उनले साविकको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायतको क्षतिग्रस्त कार्यालयको अवलोकन गरेको थिईन।
पूर्वराष्ट्रपति भण्डारीलाई सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले स्वागत गर्दै कार्यालयहरुको अलोकन गराउनुभएका थिए । कार्यालय अवलोकनपछि पूर्वराष्ट्रपति भण्डारीले प्रधानमन्त्री सुशीला कार्कीलाई भेट गरेकी थिईन। रासस

# प्रधानमन्त्रीद्वारा निर्वाचनको वातावरण बनाउन भूमिका खेलिदिन पूर्वराष्ट्रपति भण्डारीलाई आग्रह

**काठमाडौँ।**
प्रधानमन्त्री सुशीला कार्कीले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष निर्वाचनको वातावरण निर्माणका लागि आफ्नो ठाउँबाट भूमिका खेलिदिन आग्रह गरेकी छन।
आइतवार सिंहदरबस्थित प्रधानमन्त्री कार्यालयमा उहाँहरूबीच भएको भेटमा प्रधानमन्त्री कार्कीले भ्रष्टाचार नियन्त्रण र आगामी फागुन २१ गतेका लागि निर्धारित निर्वाचनको तयारीलाई समान प्राथमिकताका साथ सरकारले काम गरिरहेकाले यसमा सकारात्मक भूमिकाका लागि आग्रह गरेका हुन।
गत भदौ २३ र २४ गते भएको 'जेनजी' प्रदर्शनपछि उत्पन्न परिस्थितिका कारण आफूले जिम्मेवारी सम्हाल्नुपरेको बताउँदै उनले सरकारले ती घटनाका विषयमा छानबिनलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताईन।



पूर्वराष्ट्रपति भण्डारीले 'जेनजी' प्रदर्शनका क्रममा भएका घटनाका दोषीलाई कारबाहीको दायरामा ल्याउन सरकार सक्षम रहेको विश्वास व्यक्त गरिन । उनले हालको परिस्थितिको निकासका लागि निर्वाचनभन्दा अर्को विकल्प नरहेकाले सबै पक्षले निर्वाचनलाई अर्जुनदृष्टि बनाएर अघि बढ्नुपर्ने धारणा राखिन।
पूर्वराष्ट्रपति भण्डारीले प्रधानमन्त्री कार्कीको नेतृत्वमा सरकारले स्वच्छ, निष्पक्ष र भयरहित निर्वाचन सम्पन्न गर्न सक्नेमा आफू विश्वस्त रहेको बताएको प्रधानमन्त्री कार्कीको सचिवालयले जनाएको छ । रासस

# काभ्रेपलाञ्चोकमा सुन्तला उत्पादन १० प्रतिशतले बढ्ने प्रक्षेपण

**काभ्रेपलाञ्चोक।**
यसवर्ष काभ्रेपलाञ्चोकमा सुन्तला उत्पादनमा १० देखि १५ प्रतिशतसम्म बढ्नसक्ने प्रक्षेपण गरिएको छ । गत वर्ष भने बाढीपहिरोका कारण जिल्लाको सुन्तला उत्पादनमा करिब सात प्रतिशतले गिरावट भएको थियो।
जिल्ला कृषि विकास कार्यालयले गत वर्षका गिरावटलाई उकास्दै केही प्रतिशत बढ्ने जनाएको हो।
कार्यालयले सुन्तला पकेट क्षेत्रमा उत्पादनको लगत लिइरहेको कार्यालय प्रमुख कुलप्रसाद दवाडीले बताए।
उनका अनुसार प्रारम्भिक लगतका हिसाबले गत वर्षकोभन्दा १० देखि १५ प्रतिशतसम्म सुन्तला उत्पादन बढ्नसक्ने प्रक्षेपण गरिएको छ।
'सुन्तलाखेती प्रवद्र्धनका लागि स्थानीय तहको पनि सहयोगले गर्दा यस वर्ष उत्पादन बढ्ने देखिएको हो', दवाडीले भने । बेथानचोकका अधिकांश बगैँचामा पुराना बोट भएकाले सुन्तला उत्पादन केही घटेको उनको भनाइ छ । जिल्लामा अघिल्ला वर्षमा विविध कारण दुई प्रतिशतले गिरावट हुँदै आएको सुन्तला उत्पादन गत वर्ष बाढीपहिरोका कारण बगैँचामा क्षति पुऱ्याउँदा सात प्रतिशतले गिरावट भएको कार्यालयले जनाएको छ।
कार्यालयका अनुसार जिल्लामा २०८१ मा सात हजार ५०० मेट्रिकटन सुन्तला उत्पादन हुने प्रक्षेपण गरिए पनि बाढीपहिरोका कारण बगैंचामा क्षति पु¥याउँदा ५०० मेट्रिकटन गिरावट भएको हो।



जिल्लाको कूल क्षेत्रफलमध्ये करिब एक हजार ३०० हेक्टर अर्थात् करिब ३० हजार रोपनी क्षेत्रफलमा सुन्तलाखेती हुँदै आएको छ । यस वर्ष भने करिब आठ हजार मेट्रिकटन सुन्तला उत्पादन हुने जनाइएको हो।
गत वर्ष विभिन्न स्थानमा सञ्चालन गरिएको सुन्तला सुधार कार्यक्रमले सुन्तला राम्रो फल्नेमा विश्वस्त रहेको दवाडीले बताए।
अघिल्ला वर्षमा भने रोगकिराका कारण लगातार सुन्तला उत्पादनमा दुई प्रतिशतको हाराहारीमा गिरावट हुँदै आएको कार्यालयको तथ्याङ्कले देखाएको छ । तथ्याङ्कअनुसार केही वर्षअघिसम्म जिल्लामा वार्षिक ४० करोड रुपैयाँ भन्दा बढी सुन्तला बिक्रीबाट भित्रने गर्दथ्यो।
सुन्तला उत्पादनका लागि जिल्लाको पनौती नगरपालिका, धुलिखेल नगरपालिका, नमोबुद्ध नगरपालिका र बेथानचोक गाउँपालिकालाई विशेष पकेट क्षेत्रको मानिने गरिन्छ । जिल्लामा सुन्तला जोगाउन किसान जागरण अभियान तथा सुन्तला सुधार कार्यक्रमले सुन्तला उत्पादन बढाइने लक्ष्य लिइएको थियो।
सुन्तला प्रवद्र्धन कार्यक्रमअन्र्तगत बगैँचाका बोट सुक्ने, मर्ने तथा फलको गुणस्तरमा कमी आउनेजस्ता समस्या किसानले भोग्नु नपरोस्, सुन्तलाजात फलफूलको स्वस्थ बगैँचाबाट राम्रो उत्पादन दिँदै आइरहेकामा केही वर्षपछि उत्पादन घट्ने र बगैँचा अनुत्पादित भएर बोट मर्नसक्ने भएकाले किसानलाई समयमै जानकारी गराउन विभिन्न स्थानमा तालिमको आयोजना गरिएको दवाडीले बताए।
दवाडीका अनुसार जागरण अभियानमा बगैँचा स्थानको भौगोलिक विशेषता, स्याहारसम्भार, मलजल, रोगकिरा आदि राम्रो व्यवस्थापन गरे किसानले सुन्तलाखेतीबाट राम्रो लाभ लिनसक्ने भएकाले सुन्तला जात फलफूल बगैँचामा देखापर्ने यसप्रकारका समस्याका कारण यस क्षेत्रमा किसान सचेतीकरण र उपचार गर्न जागरण कार्यक्रम अघि सारिएको थियो । सुन्तालको फल झर्ने समस्या न्यूनीकरणका लागि किसानलाई किटनाशक औषधि र बिरुवाका लागि प्रोटिन–ब्रेटसमेत वितरण गरिएको थियो।
यस्तै, कार्यालयले पछिल्ला वर्षसम्म सुन्तलाका लागि प्रख्यात काभ्रेपलाञ्चोकको सुन्तला बगैँचामा स्थलगत अनुगमनका क्रममा 'सुक्ष्म खाद्यत्व'को अभाव देखिएको पाइएपछि जिल्लास्थित सुन्तला पकेट क्षेत्रका बगैँचामा पुर्नजागृत गराउन विभिन्न स्थानका पुरानो बगैँचामा सुन्तलाको बोटमा उपचार गरेको थियो।
पुराना बोट भए पनि समस्याग्रस्त सुन्तला बगैँचाका सुन्तलाको बोट काटेर नष्ट गर्नुको सट्टा सामान्य काटछाँट गर्ने, ऐजेरु हटाउने र चुन तथा निलोतुथोको प्रयोग गरी पुराना बोटलाई उत्पादनशील अवस्थामा फर्काउन पुराना सुन्तला बोटको उपचार गरिएको हो।
कार्यालयका अनुसार सुन्तलाका बोटको उपचारअघि जिल्लाभर करिब २० प्रतिशतमा औँसा किराको प्रकोप देखिएको थियो । यसका कारण बोटमा रहेका सुन्तलामध्ये १० प्रतिशत कुहिएर झर्ने गर्दथ्यो।रासस

# बाँकेमा तेलहन बाली उत्पादन घट्दो क्रममा



**बाँके ।**
बाँकेका किसानले तेलहन बालीको खेती कम गर्दै गएपछि बर्सेनि उत्पादन घट्दो क्रममा छ ।
तेलहन बालीअन्तर्गत जसोतसो तोरीखेती गरे पनि अन्य खेतीको क्षेत्रफल घट्दै जाँदा त्यसको प्रत्यक्ष असर उत्पादनमा पर्दै गएको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी सन्तोष पाठकले बताए । उनका अनुसार गत आर्थिक वर्ष २०८१÷८२ मा बाँकेमा छ हजार ५३० हेक्टर क्षेत्रफलमा गरिएको तोरीखेतीबाट पाँच हजार ६४८ मेट्रिक टन उत्पादन भएको थियो । यो उत्पादन अघिल्लो आवको तुलनमा १४ दशमलव ४१ प्रतिशत कमी हो ।
बाँकेमा तेलहन बाली कुल सात हजार २५६ हेक्टरमा हुँदै आएको छ । तोरीबाहेक सर्सो, रायो, सूर्यमुखी, तिल, बदाम र आलसखेती गरिने भए पनि क्षेत्रफल र उत्पादन अत्यन्त न्यून छ । किसानले खेती गर्ने क्षेत्रफल घट्दै गएर हाल सर्सो ३५ हेक्टर, रायो १५ हेक्टर, सूर्यमुखी एक हेक्टर, तिल १५ हेक्टर, बदाम ६१५ हेक्टर र आलस ४५ हेक्टर क्षेत्रफलमा खेती हुने गरेको सूचना अधिकारी पाठकले जानकारी दिए । उनले हिउँदे वर्षा नहुनु र बीउ प्रतिस्थापन दर न्यून हुँदा तोरीखेतीको उत्पादन घट्दै गएको उल्लेख गर्दै किसान तोरीबाहेक अन्य तेलहन बालीतर्फ आकर्षित हुन नसकेको बताए ।
नेपालगञ्ज–२२ का अगुवा किसान चक्र बुढाले उत्पादनको यो निरन्तर गिरावटलाई रोक्न किसानलाई बढी उत्पादन दिने र तेलको मात्रा राम्रो हुने उन्नत जातका बीउ उपलब्ध गराउनु, सिँचाइको व्यवस्थापनमा सुधार ल्याउनु र अन्य तेलहन बालीको महत्वबारे सचेत गराउनु आवश्यक रहेको बताए ।
तेलहन बालीको उत्पादनमा आएको यो गिरावटले गर्दा तेलको आयातमा निर्भरता बढ्ने र स्थानीय बजारमा तेलको मूल्यमा असर पर्ने भएकाले बाँकेमा तेलहन बालीको खेतीलाई प्रोत्साहन गर्न स्थानीय र प्रदेश सरकारले विशेष कार्यक्रम ल्याउनुपर्ने र किसानलाई आवश्यक प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने उनको भनाइ छ ।रासस

# एनपिएलः चार टोली च्याम्पियन बन्ने दौडमा

**काठमाडौँ ।**
दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)मा लिगको च्याम्पियन बन्ने दौडमा चार टोली प्रतिस्पर्धामा छन् । प्लेअफ समीकरण पूरा भइसक्दा १२ अङ्कसहित शीर्ष स्थानमा रहेको सुदूरपश्चिम रोयल्स र १० अङ्कसहित दोस्रो स्थानमा रहेको विराटनगरले किङ्ग्स पहिलो क्वालिफायर खेल्ने भएका छन् ।
समान १० अङ्क बटुलेको काठमाडौँ गोर्खाज भने विराटनगरभन्दा पछि पर्दै इलिमिनेटर खेल्ने भएको छ । इलिमिनेटरमा काठमाडौँले लुम्बिनी लायन्सको सामना गर्नेछ । लुम्बिनी सात खेलबाट आठ अङ्क जोडेर प्लेअफमा सुरक्षित भएको हो । यी सबै टोली नयाँ च्याम्पियन बन्ने दौडमा छन् । गत संस्करणको विजेता जनकपुर बोल्ट्स भने यसपटक प्लेअफमा समेत पुग्न सकेन । सुदूरपश्चिमलाई फाइनलमा पाँच विकेटले हराएको जनकपुरले पहिलो संस्करणको उपाधि हात पारेको थियो ।



**सुदूरपश्चिम रोयल्स**
दीपेन्द्रसिंह ऐरीको कप्तानीमा रहेको साविक उपविजेता सुदूरपश्चिम यसपटक उपाधिको दाबेदार टोली हो । सुदूरपश्चिमले लिग चरणका सात खेलमध्ये लगातार छ खेल जितेको थियो । शनिबार भएको अन्तिम खेलमा भने विराटनगरसँग पराजित भएको हो । योसँगै सुदूरपश्चिम छ खेल जित्ने एकमात्र टोली बनेको छ ।
सुदूरपश्चिमले जितेका हरेक खेलमा नयाँनयाँ खेलाडी 'म्याच विनर' बनेका छन् । लिग चरणको पहिलो खेलमा काठमाडौँलाई २९ रनले हराएको खेलमा अलराउण्ड प्रदर्शन गरेका विदेशी खेलाडी प्लेयर अफ द म्याच भएका थिए । उनले ५३ रन जोडे भने बलिङमा दुई विकेट हात पारेका थिए ।
पोखरा एभेञ्जर्सविरुद्धको दोस्रो खेलमा सुदूरपश्चिमले १८ रनको जीत निकालेको थियो । जसमा ६८ रनको योगदान गरेको टिमलाई जिताएका विदेशी खेलाडी जोस ब्राउन प्लेयर अफ द म्याच चुनिएका थिए ।
तेस्रो खेलमा सुदूरपश्चिमले कर्णाली याक्समाथि ४५ रनको जित निकालेको थियो । जसमा कप्तान ऐरीले अलराउण्ड प्रदर्शन गर्दै टोलीको जीत सुनिश्चित गरेका थिए । ब्याटिङतर्फ ३९ र बलिङतर्फ चार विकेट हात पारेसँगै उनले प्लेयर अफ द म्याचको अवार्ड जिते ।
लगातार चौथो जीत दर्ता गर्ने क्रममा सुदूरपश्चिमले लुम्बिनीमाथि सात विकेटको जीत हासिल ग¥यो । जसमा विनोद भण्डारीले उत्कृष्ट ब्याटिङ गर्दै अविजित ६९ रनको योगदान गरे । विकेट किपरसमेत रहेका भण्डारीले विपक्षी टिमका तीन खेलाडीलाई क्याचआउट समेत गराए । उनी उक्त दिनका प्लेयर अफ द म्याच भए ।
सुदूरपश्चिमले पाचौँ खेलमा जनकपुरलाई छ विकेटले हरायो । पहिलो संस्करणको फाइनलमा हारेको सुदूरपश्चिमले दोस्रो संस्करणमा उत्कृष्ट प्रदर्शन गरेको हो । सुदूरपश्चिमका तर्फबाट इशान पाण्डेले म्याच विनर पारी खेल्दै ५९ रन जोडे । अन्तमा उनलाई नै प्लेयर अफ द म्याचको पुरस्कारसमेत दिइयो ।
छैटौँ खेलमा चितवन राइनोजलाई सुदूरपश्चिमले ४९ रनले स्तब्ध पा¥यो । यो खेलमा ७५ रन बनाएका विदशी खेलाडी क्रिस लेन प्लेयर अफ द म्याच भए ।
लिग चरणको सातौँ तथा अन्तिम खेलमा भने विरानगरसँग छ विकेटले हारेको सुदूरपश्चिम उपाधि जित्ने दाउमा छ ।
सुदूरपश्चिमका प्रशिक्षक जगत टमाटा पनि यसपटक उपाधि जित्नेमा ढुक्क देखिएका छन् । उनले भने, "गत वर्षको पनि उपविजेता टोली हौँ । यसपटक हामी जसरी पनि उपाधि जित्ने लक्ष्यमा छौँ । सबै खेलाडी सक्रियताका साथ खेलमा लागेका छन् । कुनै एक खेलाडीको भरमा हामी छैनौँ । जुन कुरा देखिसकेको पनि छ । लिग चरणमा जितेका खेलहरूमा पनि हाम्रो टिमका फरकफरक खेलाडी म्याच विनर बनेका छन् ।"

**विराटनगर किङ्ग्स**
सन्दीप लामिछानेले नेतृत्व गरेको विराटनगर लिग चरणका पाँच खेल जितेर पहिलो क्वालिफायरमा पुगिसकेको छ । गत वर्ष प्लेअफमा पुग्न नसकेको विराटनगरले यसपटक भने सुधारिएको प्रदर्शन गरेको छ । योसँगै उसले ट्रफी जित्ने योजना बनाएको छ ।
लिग चरणका सुरुका तीन खेल जितेर शानदार सुरुआत गरेको विराटनगरले चौथो र छैटौँ खेलमा पराजित भएको थियो । पाचौँ र अन्तिम खेलमा विजयी भएर प्लेअफको यात्रा सुनिश्चित गरेको विराटनगरले पनि बलियो दाबेदारी पेस गरेको छ ।
पहिलो खेलमा पोखरालाई ५३ रनले हराएपछि लोकेश बमको चर्चा चुलियो । व्यक्तिगत ७२ रन जोडेका लोकेश प्लेयर अफ द म्याचसमेत चुनिए । काठमाडौँमाथि पाँच विकेटको जीत निकालेको दोस्रो खेलमा मर्चेन्ट डे लाङ्गेले उत्कृष्ट खेल्दै महत्त्वपूर्ण दुई विकेट हात पारेपछि उनी प्लेयर अफ द म्याच भए ।
तेस्रो खेलमा कप्तान सन्दीप लामिछाने प्लेयर अफ द म्याच भए । जनकपुरविरुद्धको उक्त खेलमा सन्दीपले चार विकेट हात पार्दा टिमले नौ रनको जित दर्ता गरेको थियो । विराटनगर चौथो खेलमा चितवनसँग ४८ रनले र छैटौँ खेलमा लुम्बिनीसँग पाँच विकेटले पराजित भयो ।
पाँचौँमा कर्णाली याक्सलाई ती विकेटले हराएको खेलमा बसिर अहमदले ६२ रन पारी खेल्दै म्यान अफ द म्याच चुनिए । सातौँ खेलमा सुदूरपश्चिममाथि छ विकेटको जीत दर्ता गरेको विराटनगरका फाफ डु प्लेसिस प्लेयर अफ द म्याच घोषित भएका हुन् ।
कप्तान लामिछानेका अनुसार विराटनगर पनि कुनै एक खेलाडीका भरमा नरहेकाले उपाधि जित्नेमा आशावादी छ । उनले भने, 'हामी कुनै एक खेलाडीको भरमा छैनौँ । सबै खेलाडीले आ–आफ्नो मेहनतसहित उत्कृष्ट प्रदर्शन गरिरहेका छन् । म्याच विनर पनि फरकफरक खेलाडी देखिएकाले एकअर्काप्रतिको विश्वास बढेको छ ।'

**काठमाडौँ गोर्खाज**
पहिलो संस्करणमा नेट रनरेटमा पछि पर्दै प्लेअफको स्वाद चाख्न नपाएका करण केसीको कप्तानीमा रहेको काठमाडौँ यसपटक भने सक्रियताका साथ प्रदर्शन गरिरहेको छ । लिग चरणका सातमध्ये पाँच खेल जितेर प्लेअफमा पुगेको काठमाडौँ च्याम्पियन बन्ने अडानमा छ ।
काठमाडौँले पहिलो खेलमा जनकपुरलाई पाँच विकेटले हराउँदा दोस्रोमा सुदूरपश्चिमसँग २९ रन र तेस्रोमा विराटनगरसँग पाँच विकेटले पराजित भयो । त्यसपछि पुनरागमन गर्दै सबै खेलमा विजयी भयो ।
काठमाडौँले चौथो खेलमा लुम्बिनीलाई २२ रन, पाचौँमा चितवनलाई ५३ रन, छैटौँमा कर्णाली याक्सलाई छ विकेट र सातौँमा पोखरालाई १३ रनले पराजित गर्दै प्लेअफमा आफ्नो स्थान सुरक्षित गरेको हो ।
प्लेअफमा पुगेपछि टिमको जोडबल च्याम्पियन जित्नेमा रहेको कप्तान केसीले बताएका छन् । उनले भने, "प्लेअफमा पुगिसकेपछि अबका खेल राम्रो गर्दै च्याम्पियन कसरी बन्ने भन्नेमा ध्यान केन्द्रित छ । लिग चरणमा भएका कमीकमजोरीलाई सुधार गर्दै च्याम्पियन बन्ने लक्ष्य राखेका छौँ ।"

**लुम्बिनी लायन्स**
रोहितकुमार पौडेलको कप्तानीमा रहेको लुम्बिनी चार खेल जितेर प्लेअफमा पुगेको छ । सुरुको खेलमा चितवनलाई छ विकेटले हराएर राम्रो सुरुआत गरेको लुम्बिनीले त्यसपछिका तीन खेल लगातार हा¥यो । दोस्रोमा कर्णालीसँग नौ विकेटले, तेस्रोमा काठमाडौँसँग २२ रनले, चौथोमा सुदूरपश्चिमसँग सात विकेटले पराजित भयो ।
लुम्बिनीले पाचौँ खेलपछि लगातार जीत निकालेर प्लेअफमा स्थान बनायो । पाचौँमा पोखरालाई तीन विकेट, छैटौँमा विराटनगरलाई पाँच विकेटले र सातौँमा जनकपुरमाथि चार विकेटको विजय हात पा¥यो ।
प्लेअफमा पुगेपछि लुम्बिनीका कप्तान पौडेलले आफ्नो टिमलाई उपाधि जित्न कसैले रोक्न नसक्ने ठोकुवा गरे । उनले भने, "प्लेअफमा पुगेका चारवटै टोलीमध्ये लुम्बिनी बलियो देख्छु, त्यसैले हामीले उपाधि जित्नेमा विश्वस्त छौँ । हामी कसैसँग पनि डराएर खेल्दैनौँ ।"
प्रतियोगिताको पहिलो क्वालिफायर यही मङ्सिर २३ गते दिउँसो ४:०० बजे सुदूरपश्चिम र विराटनगरबीच हुनेछ । जित्ने टोली सिधैँ फाइनलमा पुग्नेछ । पराजित हुने टोलीले काठमाडौँ र लुम्बिनीबीच हुने इलिमिनेटरको विजेतासँग दोस्रो क्वालिफायरमा भिड्नेछ ।
इलिमिनेटर खेल मङ्सिर २४ गते दिउँसो ४:०० बजे हुनेछ । मङ्सिर २५ गते दिउँसो ४:०० बजे हुने दोस्रो क्वालिफायरको विजेता टोली फाइनल खेल्नेछ । प्रतियोगिताको उपाधि भिडन्त भने मङ्सिर २७ गते दिउँसो ३:३० बजे हुनेछ ।
नेपाल क्रिकेट सङ्घ (क्यान)को आयोजनामा कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालामा यही मङ्सिर १ गतेदेखि जारी प्रतियोगितामा सुदूरपश्चिम रोयल्स, विराटनगर किङ्ग्स, काठमाडौँ गोर्खाज, लुम्बिनी लायन्स, पोखरा एभेञ्जर्स, चितवन राइनोज, कर्णाली याक्स र जनकपुर बोल्ट्स सहभागी छन् । रासस

# सेनाको निःशुल्क स्वास्थ्य शिविरमार्फत ४४३ जनाले पाए सेवा



**भोजपुर ।**
जनस्तरसम्म स्वास्थ्य सेवा पुर्याउने लक्ष्यसहित नेपाली सेनाले टेम्केमैयुङ गाउँपालिका–६ कोटमा सञ्चालन गरेको निःशुल्क स्वास्थ्य शिविरिमा चार सय ४३ जनाले सेवा लिएका छन् । गाउँका सर्वसाधारणलाई सहज र गुणस्तरीय सेवा उपलब्ध गराउने उद्देश्यले भोजपुरमा नयाँ श्रीनाथ गणले शनिबार एकदिने स्वास्थ्य शिविर सञ्चालन गरेको हो ।

स्वास्थ्य सेवा पहुँचबाट टाढा रहेका ग्रामीण भेगका नागरिकलाई विशेषज्ञ सेवा पुर्याउँदै समुदायसँगको आत्मीयता थप मजबुत बनाउनु शिविरको मुख्य लक्ष्य रहेको नयाँ श्रीनाथ गणका प्रमुख पर्शुराम थापाले जानकारी दिए । शिविरमा नेपाली सेनाको नेतृत्वसँगै, टेम्केमैयुङ गाउँपालिका, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला अस्पताल, सिद्धकाली फार्मेसी, जिल्ला आयुर्वेदिक अस्पताल तथा स्थानीय स्वास्थ्य संस्थाको समन्वय र सहकार्य शिविर सञ्चालन गरिएको हो ।

शिविरमा कान, नाक, घाँटी, आँखासमेतका विभिन्न रोगका विशेषज्ञ चिकित्सकले स्वास्थ्य परीक्षण तथा परामर्श सेवा प्रदान गरेका छन् । त्यस्तै बालरोग, दन्तरोग, स्त्रीरोग, सामान्य रोगको जाँच तथा आवश्यक औषधिसमेत निःशुल्क उपलब्ध गराइएको छ ।

स्थानीय बासिन्दाको दैनिक व्यस्तता र आर्थिक कारणले सदरमुकाम पुग्न नसक्ने अवस्थालाई मध्यनजर गर्दै सेनाले गाउँमै सेवा पुर्याउनु प्रशंसनीय रहेको गाउँपालिका उपाध्यक्ष रमादेवी राईले बताए ।

शिविर टेम्केमैयुङ–६ कोटस्थित जनोदय माध्यमिक विद्यालयको सञ्चालन गरिएको हो । नेपाली सेनाले ग्रामीण क्षेत्रमा नियमित रूपमा यस्ता सामाजिक सेवामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । दुर्गम क्षेत्रका नागरिकलाई लक्षित गरेर नेपाली सेनाले सञ्चालन गरेको शिविरले स्थानीयलाई प्रत्यक्ष लाभ पुगेको प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले बताए ।रासस

# कोरला सडकमा १३ पुल निर्माण, तीन पुल बन्दै

**मुस्ताङ।**
उत्तरदक्षिण जोड्ने राष्ट्रिय गौरवको (बेनी–जोमसोम–कोरला) सडक आयोजनाअन्तर्गत हालसम्ममा १३ पुल निर्माण सम्पन्न भएका छन् । तीनवटा पुल निर्माणको अन्तिम चरणमा छन्।

भारत र चीन जोड्ने व्यापारिक मार्गअन्तर्गत २०७३/७४ सालदेखि सुरु भएको बेनी–जोमसोम–कोरला सडक आयोजनाले गत वर्षसम्म १३ पुल सम्पन्न भई आयोजना कार्यालयलाई हस्तान्तरण भइसकेको जनाएको छ । आयोजनाअन्तर्गत ठेक्का सम्झौता भई निर्माणाधीन अवस्थामा रहेका तीन पुलको ठेक्का सम्झौता तोडिसकेको आयोजनाका इन्जिनियर विष्णु चापागाईंले जानकारी दिए । उनका अनुसार आयोजनाले म्याग्दीको अन्नपूर्ण गाउँपालिका–३ स्थित रुप्सेखोला, थासाङ गाउँपालिका–४ स्थित खहरेखोला र वारागुङ मुक्तिक्षेत्र–४ कागबेनीमा निर्माणाधीन पुलको ठेक्का सम्झौता तोडिएको उल्लेख गरे । यहाँका पुल निर्माण कम्पनीको ढिलासुस्ती र प्राकृतिक विपद्लगायत कारणले ठेक्का सम्झौता तोडिएको इन्जिनियर चापागाईंको भनाइ छ।

कालीगण्डकी करिडोर (बेनी–जोमसोम–कोरला) सडक आयोजनाले हालसम्म म्याग्दी खण्डमा राहुघाट पुल घट्टेखोलाको पुल सम्पन्न भई आयोजनालाई हस्तान्तरण भइसकेको जनाएको छ। त्यसैगरी, आयोजनाअन्तर्गत मुस्ताङ खण्डको थासाङ–३ स्थित



लेतेखोला, सेतोखोला पुल, थासाङ–२ स्थित छाक्ताङ खोला, घरपझोङ–२ स्थित मार्फाखोला पुल, घरपझोङ–३ स्थित स्याङखोला पुल, पान्डाखोला पुल, वारागुङ–३ स्थित छुसाङ नरसिंह खोला, लोघेकर–१ स्थित चराङखोला पुल सम्पन्न भइसकेको जनाएको छ।

त्यसैगरी, आयोजना कार्यालयअन्तर्गत माथिल्लो मुस्ताङको लोमान्थाङ खोला, किम्लिङ खोला, नाम्डोक खोला र भर्माखोला पुल निर्माण सम्पन्न भई आयोजनालाई हस्तान्तरण भइसकेको आयोजनाका इन्जिनियर चापागाईंको भनाइ छ । यहाँको राष्ट्रिय गौरवको कोरला सडक आयोजना कार्यालयमार्फत ठेक्का सम्झौता भएकामध्ये ६ पुल गत आवमा सम्पन्न भई आयोजना कार्यालयलाई हस्तान्तरण गरिएका थिए । इन्जिनियर चापागाईंका अनुसार मुस्ताङ खण्डको थासाङ–३ लेतेमा निर्माणाधीन सेतोखोला, घरपझोङ–२ स्थित मार्फाखोला, वारागुङ–३ छुसाङस्थित नरसिंह खोला, लोघेकर दामोदरकुण्ड–१ स्थित चराङखोला र लोमान्थाङ गाउँपालिकास्थित किम्लिङ र भर्माखोला पुल गत आव २०८१/८२ मा सम्पन्न भएका हुन्।

आयोजना कार्यालयअन्तर्गत ठेक्का सम्झौता भई निर्माणाधीन थासाङ–४ स्थित कैकुखोला, थासाङ–२ स्थित लार्जुङखोला र लोघेकर दामोदरकुण्ड–२ स्थित घमीखोला पुल निर्माणको अन्तिम चरणमा रहेका आयोजनाका इन्जिनियर चापागाईंले बताए। यहाँ निर्माणाधीन तीनवटै पुलको भौतिक प्रगति ८० प्रतिशतभन्दा बढी रहेकाले चालु आवभित्र आयोजना कार्यालयलाई हस्तान्तरण भइसक्ने इन्जिनियर चापागाईंको भनाइ छ।

निर्माणाधीन रहेका तीन पुलको फाउन्डेसन र स्ल्याप ढलान भइसकेको र एप्रोज सडकसहित पुल फिनिसिङलगायतका कार्य बाँकी रहेको उहाँले बताउनुभयो । आयोजनाले कोरला सडकमा छवटा बेलिब्रिज निर्माण गरेको जनाएको छ । आयोजनाले म्याग्दीको बेनीस्थित कालीपुल, तातोपानी, रुप्से, कागबेनी खोला र पहिल्यै निर्माण गरेको थासाङ–२ घट्टेखोला र थासाङ–१ टुकुचेस्थित थापाखोलामा बेलिब्रिज स्थापना गरिसकेको जनाइएको छ । आयोजनाले हालसम्म बेलिब्रिज र पक्की पुल गरी १९ पुल निर्माण गरिसकेको जनाएको छ।

त्यसैगरी, कोरला सडक आयोजनाले कार्यान्यवन गरेका बाहेक पर्वतको मालुढुङ्गादेखि मुस्ताङ खण्डसम्म आठवटा पक्की पुल निर्माण भइसकेको छ। पुल सेक्टर कार्यालय पोखरा र अन्य कार्यालयबाट कार्यान्वयन भई निर्माण तथा मर्मतसम्भार भएका आठ पुल सम्पन्न भएका हुन्।

जसअन्तर्गत आयोजनाबाहेक निर्माण भएका पर्वतको दमुवाखोला, लस्तीखोला, मिलनचोक खोला र म्याग्दीको बेनीस्थित कालीगण्डकी खोला, बेगखोला, कालीगण्डकीस्थित तिप्ल्याङ खोला र पोखरे बगर खोला पुल निर्माण भएका हुन्।

त्यसैगरी, मुस्ताङ खण्डको जोमसोमस्थित कालीगण्डकी खोला पुल यसअघि नै सम्पन्न भइसकेका छन्। यहाँको जोमसोमस्थित पक्की पुल भारतीय राजदूतावासको आर्थिक सहयोगमा निर्माण सम्पन्न भएको थियो ।रासस

# ‘मिम्लेन फुङ’ प्रदर्शनको तयारी

**सुनसरी ।**
याक्थुङ समुदायको भाषा, पहिचान तथा सामाजिक जीवनलाई आदिम र मौलिक शैलीमै प्रस्तुत गर्ने उद्देश्यसहित निर्माण गरिएको पालामी कथानक चलचित्र ‘मिम्लेन फुङ’ देशव्यापी प्रदर्शनको तयारी छ ।

याक्थुङ आर्ट फिल्म्सको ब्यानरमा तयार भएको चलचित्रले याक्थुङ जनजीवनको मौलिक सौन्दर्य, प्रेम, सामाजिक संरचना र आत्मसम्मानका सङ्घर्षलाई केन्द्रमा राखेर कथा बुनेको निर्देशक रवि शेर्माले जानकारी दिए । चलचित्रको छायाङ्कन ताप्लेजुङका सिकैचा, कुन्जारी, पाङभे, हेन्छेबुङ र वरुक्पा क्षेत्रका प्राकृतिक परिवेशमा गरिएको हो । याक्थुङ सांस्कृतिक जीवनशैली प्रत्यक्ष प्रतिविम्बित हुने भौगोलिक आधारका कारण चलचित्रले ग्रामीण समुदायको वास्तविकता सजीव रूपमा उतारेको निर्देशक शेर्माको भनाइ छ ।

यी स्थान केवल छायाङ्कनका लागि चयन गरिएका भूभागमात्र नभई याक्थुङ समुदायको सांस्कृतिक स्मृति बोकेका जीवितस्थलसमेत रहेको निर्माण टोलीले जनाएको छ । गाउँका कच्ची भिरालो बाटो, पाखापखेराका खेत, यालाङ, केलाङजस्ता सांस्कृतिक अभ्यास हुने खुला चौर, स्थानीय घरपरिवारको पुरानो संरचनालगायतका दृश्यले चलचित्रको कलात्मकता र मौलिकता थप उजागर गरेको छ ।

छायाङ्कनका अधिकांश दृश्य स्थानीय बस्तीको दैनिकीसँग घनिष्ठ रूपमा जोडिएका छन् । बिहान, साँझका घरायसी गतिविधि, सामुदायिक भेटघाट, चरन पाखामा गुञ्जिने बाँसुरीका धुन, पालामका स्वर र गाउँको सामूहिक जीवनशैली । यी तत्वले चलचित्रलाई केवल कथा नभई सांस्कृतिक दस्तावेजका रूपमा महत्व बढाएको निर्देशक शेर्माको भनाइ छ ।

याक्थुङ समुदायका ज्येष्ठ नागरिकदेखि युवापुस्तासम्म फिल्म निर्माणमा प्रत्यक्ष रूपमा संलग्न गरिएकाले स्थानीय बोली, पहिरन, संस्कार, संस्कृति र भावभङ्गीमा कुनै कृत्रिमता नरहेको निर्माण पक्षले बताएको छ । प्राकृतिक प्रकाश, स्थानीय वातावरण र मौसमका उतारचढावलाई यथास्थान समावेश गरिएकाले चलचित्रले हिमाली–पहाडी जनजीवनको सौन्दर्यलाई थप प्रभावकारी ढङ्गले प्रस्तुत गरेको निर्देशक शेर्माले बताए । त्यही कारण ‘मिम्लेन फुङ’ केवल मनोरञ्जनका लागि बनाइएको चलचित्रमात्र नभई याक्थुङ पहिचान, भूसंस्कृति र सामूहिक चेतनाको अभिलेखका रूपमा अर्थपूर्ण बनेको निर्माण टोलीले जनाएको छ । चलचित्रकी मूल पात्र हरिमाया (हरिमाया मादेन) आत्मसम्मानयुक्त दृढ युवती हुन् । उहाँसँगै तीनताले ठूले (जीवन केदेम्बा)को



प्रेमयात्रा पनि कथाको मूल पृष्ठभूमिमा रहन्छ । बाल्यकालदेखि यालाङ र बाँसुरीका सांस्कृतिक धुनमा बाँधिएका यी दुई पात्रको सम्बन्ध उमेरसँगै प्रेममा विकसित भए पनि सामाजिक मान्यता, पारिवारिक दबाब र पुराना परम्परागत बन्धनका कारण विवाहमा परिणत हुन सक्दैन ।

सामाजिक बन्धनबाट निस्कन खोज्दै हरिमायाले भारतीय सेनामा कार्यरत छेवाङ तामाङसँग विवाह गर्छिन् । तर विवाहपछि छेवाङ युद्धमा वीरगति प्राप्त गरेपछि हरिमाया फेरि सामाजिक पूर्वाग्रह, आरोप र अपमानका बीच मानसिक रूपमा कठोर जीवन बिताउन बाध्य हुन्छिन् । ‘पोइ टोकुवा’, ‘अलच्छिनी’जस्ता तल्लो दर्जाका आरोपले उहाँले भोगेको पीडा चलचित्रको मुख्य संवेदनशील पक्ष बनेको छ ।

यी चुनौतीबीच हरिमाया र तीनताले ठूलेको पुनः भेटघाटले दबिएको प्रेम फेरि जागृत भए पनि समाजले विधवा तथा ‘असामाजिक’ ठहरिने पात्रलाई कसरी हेर्छ भन्ने प्रश्नले हरिमायालाई अन्ततः आत्मसम्मानको बाटो रोज्न बाध्य बनाउँछ । चलचित्रले याक्थुङ समुदायमा प्रचलित पालाम, यालाङ, हाक्पारेजस्ता सांस्कृतिक अङ्गलाई कथाको केन्द्रमा राखेको छ । प्रेमसँगै मानवीय सम्मान, स्वतन्त्रता र पहिचानको संरक्षणमा जोड दिएको यो चलचित्र याक्थुङ समाजको सांस्कृतिक अन्तरआत्मा उद्घाटन गर्ने प्रयासका रूपमा हेरिएको छ ।

चलचित्रमा हरिमाया र तीनतले ठूले पात्रमार्फत युवापुस्ताको मनोविज्ञान, ग्रामीण समाजको सांस्कृतिक संरचना र परम्पराले थिचिएका जीवनका यथार्थ स्पष्ट रूपमा प्रस्तुत गरिएको छ । पात्रहरूको उत्कृष्ट अभिनय, स्थानीय पर्यटन सम्भावना झल्किने दृश्य र सांस्कृतिक परिवेशले चलचित्रलाई थप जीवन्त बनाएको छ । मुख्य भूमिकामा हरिमाया मादेन र जीवन केदेम्बासहित रेसा आङ्बेवा, कृष्ण लिम्खिम, कुमार लक्सम्वा, कमिता तुम्बापो, सनबहादुर मादेन, आइतरानी मादेनलगायत कलाकारको अभिनयलाई प्रभावशाली मानिएको छ । सबै पात्र कथाअनुकूल देखिनुले स्थानीय कलाकारको क्षमता र सम्भावना उजागर भएको निर्माण पक्षको धारणा छ ।

याक्थुङ भाषा र संस्कृतिमै केन्द्रित चलचित्र निर्माणको निरन्तरताअन्तर्गत ‘मिम्लेन फुङ (प्रेमको फूल)’ अर्को चर्चित परियोजनाका रूपमा अगाडि आएको छ । आशराज बोखिमको कथा पटकथा र रविन शेर्माको निर्देशनमा बनेको यस चलचित्रमा पालाम सम्राट सुवर्ण नेम्वाङका दर्जनौँ पालाम समावेश गरिएका छन् । ना कन्ना निवा मेम्बेक्नाबा, मिम्जिरे तुक्खे मेन्धेक्नाबा । (वर–पर मन नजावस् है, मायाले दुःख छेक्दैन है) चुँजिक्केन एच्छा साआमेम्बी, तुम्मेन्दुम तुरुक्खे चाआमेम्बी (जीवनमै एक्लै विधवा भएँ, नपाएर दुःख धेरै पाएँ) सुमधुर पालामकार नेम्वाङ भने ‘मैले सम्झनामा रहेका तथा आफ्नै आँखाले देखेका यथार्थ घटनालाई पालाममा उतार्ने गरेको छु ।रासस

# मदेइरामा नेपाली दूतावासको घुम्ती शिविर

**पोर्चुगल ।**
पोर्चुगलको लिस्बनस्थित रहेको नेपाली दूतावासले सामुद्रिक टापु ‘मदेइरा’मा राहदानी नवीकरण तथा कागजात प्रमाणीकरणसम्बन्धी ‘कन्सुलर’ सेवा दिन सुरु गरेको छ ।

पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेलको नेतृत्वमा गएको दूतावासको टोलीले मदेइरा आइल्याण्डको फुन्चालमा घुम्ती शिविर सञ्चालन गरेर शनिबारदेखि राहदानी नवीकरण तथा कागजात प्रमाणीकरणसम्बन्धी ‘कन्सुलर’ सेवा दिन थालेको हो ।

घुम्ती सेवा सुरु भएसँगै शिविरस्थलमा सेवाग्राही आउने क्रम चलिरहेको र झण्डै २० नेपालीले सेवा लिइसकेको टोलीले जनाएको छ ।

राहदानी नवीकरण तथा प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट) लगायतका कागजात प्रमाणीकरणसम्बन्धी समस्यामा परेका नेपालीलाई घुम्ती शिविरमार्फत मदेइरामै सेवा दिन सुरु गरिएको राजदूत पौडेलले बताए । दुई दिनसम्म सञ्चालन हुने घुम्ती शिविरबाट मदेइरा क्षेत्रमा बसोबास गर्ने एक सय बढी नेपालीले सेवा लिने अपेक्षा गरिएको उनले बताए । आइतबारसम्म सञ्चालन हुने शिविरमा उपस्थित भई राहदानी नवीकरणलगायतका कागजात प्रमाणीकरणसम्बन्धी सेवा लिन मदेइरावासी नेपाली समुदायलाई विशेष आग्रहसमेत गरे ।

शिविर अवधिभर दूतावासको टोलीले राहदानीको म्याद सकिएका, हराएका, क्षति भएका तथा राहदानीको म्याद छ महिनाभन्दा कम रहेकाको विद्युतीय राहदानी (ई–पासपोर्ट) का लागि जैविक विवरणसहितको आवेदन सङ्कलन गर्नेछ । यस्तै प्रहरी रिपोर्ट, पारिवारिक कागजातलगायत अन्य कागजात प्रमाणीकरण, अधिकृत वारेसनामा प्रमाणीकरणलगायतका सेवा प्रदान गरिने दूतावासले जनाएको छ । दूतावासले मदेइरा टापुमा पहिलोपटक घुम्ती शिविर सञ्चालन गरेको हो ।

घुम्ती शिविरले राहदानी नवीकरण तथा कागजात प्रमाणीकरणसम्बन्धी समस्यामा परेका मदेइराबासी नेपालीलाई राहत मिलेको गैर आवासीय नेपाली सङ्घ पोर्चुगलका पूर्वमहासचिव निराजन सुवेदीले बताउनुभयो । मदेइरामै राहदानी नवीकरण तथा कागजात प्रमाणीकरणसम्बन्धी सेवा लिन पाउँदा मदेइरा क्षेत्रमा बसोबास गर्ने नेपालीहरूका लागि अत्यन्तै सहज भएको सुवेदीले बताउनुभयो । यसअघि गत महिना पनि दूतावासले पोर्चुगलको फारो सहरमा घुम्ती शिविर सञ्चालन गरेर दुई सय नेपालीलाई सेवा दिएको थियो ।रासस

# निर्वाचन आउन ८८ दिन बाँकीः समानुपातिक निर्वाचन प्रणालीतर्फको कार्यक्रम आजदेखि सुरु

**काठमाडौँ।**
प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति आउन अब ८८ दिन बाँकी छ । निर्वाचनको दिन नजिकिँदै जाँदा निर्वाचन आयोगले आवश्यक तयारीलाई तीव्र पारेको छ।

प्रतिनिधिसभा सदस्यको निर्वाचन आगामी फागुन २१ गते हुनेगरी समयसीमा निर्धारण गरिएको छ । निर्वाचनका लागि राजनीतिक दलहरूले आन्तरिक रूपमा तयारीलाई तीव्र पारेका छन्।

आयोगले आइतवारदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको कार्यक्रम सञ्चालन गर्ने भएको छ । आइतवार बिहान १० बजेदेखि अपराह्न ४:०० बजेसम्म समानुपातिक निर्वाचन प्रणालीका लागि राजनीतिक दलले आवेदन दिने समयसीमा निर्धारण गरेको छ । समानुपातिकतर्फको निर्वाचनका लागि आवेदन दिएका राजनीतिक दलको सूची भने यही मङ्सिर २४ गते प्रकाशित हुनेछ।

यसरी आवेदन दिएका राजनीतिक दलले आगामी पुस १३ र १४ गते बिहान १०:०० देखि अपराह्न ४:०० बजेसम्म उम्मेदवारको बन्दसूची पेस गर्ने समयसीमा निर्धारण गरिएको छ। यस्तै, आगामी माघ ३० गते भने समानुपातिकतर्फको उम्मेदवारको बन्दसूची अन्तिम रूपमा प्रकाशित हुने कार्यक्रम तय भएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । कुल २७५ सदस्यीय प्रतिनिधिसभामा समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० सदस्य निर्वाचित हुने प्रावधान छ।

प्रत्यक्षतर्फको निर्वाचन कार्यक्रमअनुसार आगामी माघ ६ गते उम्मेदवारको मनोनयनपत्र दर्ता हुनेछ। सोही दिन नै उम्मेदवारको सूची प्रकाशन हुने कार्यक्रम तय भएको छ । उम्मेदवारीमाथि आगामी माघ ७ गते विरोधमा उजुरी दिने अवधि तोकिएको छ। आगामी माघ ८ गते उम्मेदवारको नामावली प्रकाशन हुनेछ। यस्तै, माघ ९ गते उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्नेछन् । सोही दिन नै उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुने र उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिनेछ।रासस

# प्रधानमन्त्रीलाई दोहोरो चरित्र बन्द गर्न साहको चेतावनी



**मधेशदृष्टि**
**रौतहट।**
आम जनता पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले जेन्जी आन्दोलनले देशको गौरव बढाएको भन्दै यो आन्दोलनलाई अपराधीकरण नगर्न प्रधानमन्त्री सुशीला कार्कीलाई चेतावनी दिएका छन्।

सुशासन कायम गर्न र भ्रष्टाचार अन्त्यको लागि नेपालको जेन्जी पुस्ताले सडकमार्फत विद्रोह गरेर दुई तिहाईको सत्ता ढालेको भन्दै साहले यस्तो आन्दोलनको गौरव गर्नुको साटो अहिलेको सरकारले जेन्जी आन्दोलनकारीलाई धरपकड गर्ने र मुद्दा लगाउने काम गरेको भन्दै आक्रोश पोखेका हुन्।

आम जनता पार्टीको निर्वाचन क्षेत्रीय भेला रौतहट–४ चन्द्रपुर–७ नयाँ बस्तीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वमन्त्री साहले प्रधानमन्त्री कार्कीलाई जेन्जी आन्दोलनलाई विद्रुपीकरण गर्ने र आन्दोलनमा सहभागी साहसी युवाहरुलाई प्रताडित गर्ने काम तत्काल बन्द गर्न चेतावनी दिएका हुन्।

साहले भने, 'गत भदौ २३ र २४ गते नेपालमा जेन्जी आन्दोलन भयो । जनेजीको नेतृत्वमा जनविद्रोह भयो । दुनियाँमा यो आन्दोलनेले देशको गौरव बढाएको छ । नेपालको इतिहासमा दुई दिनमा सत्ता उलटपुलट गरेको यो पहिलो आन्दोलन हो । यसले सबै रेकर्डलाई तोडेको छ । म यही मञ्चबाट जेन्जीहरुलाई सलाम भन्न चाहन्छु । तपाईं जेन्जीहरुले नेपालको गौरव बढाउनुभएको छ । भ्रष्टाचारीलाई चकनाचुर गर्ने जेन्जीहरु सम्मानित हुनुपर्ने हो, तर, अहिले यहाँ उल्टै जेन्जीहरुलाई अपमानित गरिएको छ । लुक्नुपर्ने स्थिति बनाईएको छ । म सुशीला कार्कीलाई सोध्न चाहन्छु–जेन्जी आन्दोलन महान थियो कि नाजायज थियो ? तपाईं त यही जेन्जी आन्दोलनबाट प्रधानमन्त्री बन्नुभयो, तर जेन्जी युवालाई हत्कडी लगाउनुभएको छ, यो गलत हो।

तपाईंले जेन्जी आन्दोलनकै बेलामा भ्रष्टाचारीलाई कारबाही गर्नुपर्छ भन्नुभएको थियो, तर अहिले प्रधानमन्त्रीको कुर्सीमा विराजमान भएर ती महान जेन्जीलाई हत्कडी लगाउनुभएको छ, भ्रष्टलाई सम्मान गर्नुभएको छ, प्रधानमन्त्रीज्यू तपाईंको यो दोहोरो चरित्र किन ? यो दोहोरो चरित्र अब चल्दैन।'

उनले प्रधानमन्त्री कार्कीलाई ऐतिहासिक जेन्जी आन्दोलनलाई संस्थागत गर्न र उनीहरुको माग सम्बोधन गर्न सुझाव दिए।

उनले भने, 'तपाईं त अहिले उल्टै नेताहरुको चाकडीमा लाग्नुभएको छ, तिनै चोर नेताहरुको इशारामा हिंडिरहनुभएको छ । यो हामीलाई स्विकार्य छैन । जेन्जीलाई सताईराख्नुभएको छ, यो हर्कत दुनियाँलाई मन परेको छैन। यो सुधार गर्नुहोस्।'

उनले वर्तमान सरकार नै जेन्जी आन्दोलनको बलमा बनेको भन्दै आफ्नो जग नबिर्सिन प्रधानमन्त्री कार्कीलाई चेतानवी दिए।

उनले भने,'यो सरकारको स्वामित्व कसले लिने ? सुशीला सरकार जेन्जी आन्दोलनले बनाएको भनेर दुनियाँलाई थाहा छ, प्रधानमन्त्री र राष्ट्रपति त लखेटिएका थिए, सेनाको सहारामा लुकेर बसेका थिए, अहिले आएर तपाईंले मलाई राष्ट्रपतिले प्रधानमन्त्री बनाएको भन्ने ? कि त तपाईं म जेन्जीलाई चिन्दिनँ भन्नुहोस । होईन भने नैतिकता देखाउनुहोस्।'

साहले मौलापुरमा कर आतंक बन्द गर्नुपर्छ भनेर आफूहरुले 'शून्य कर' को नीति लागु गरेको र सफल भएको सुनाए । उनले भने, 'हामीले यहाँ एक रुपैयाँ पनि कर लिएका छैनौँ । मौलापुरले जनताको लिने होईन, जनतालाई दिने काम गरेको छ।

मौलापुरले देशमा एउटा मोडेलको काम छ । समृद्धिको जग हासिल गर्नेछौं । नेपालमा प्रकृतिले हामीलाई स्वर्ग दिएको छ । तर, नेताहरुको कुकर्मले देश नर्क बनाए । बयोवृद्धमात्रै छन् । युवाहरु पलायन हुनुपरेको छ । यो अवस्थाको अब अन्त्य गरिनुपर्छ।'

# पोखरा विमानस्थल भ्रष्टाचारमा ५५ जनाविरुद्ध मुद्दा

**मधेशदृष्टि**
**काठमाडौँ ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पोखरा क्षेत्रीय विमानस्थल निर्माणका क्रममा भ्रष्टाचार भएको निष्कर्ष निकाल्दै ५५ जनाविरुद्ध आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन मन्त्रीहरू स्व पोष्टबहादुर बोगटी, रामकुमार श्रेष्ठ, भीमप्रसाद आचार्य र दीपक चन्द्र अमात्यलगायत विरुद्ध मुद्दा दायर गरेको जनाएको छ ।

विमानस्थल निर्माणका क्रममा आठ अर्ब ३६ करोड ७३ लाख ५५ हजार रुपैयाँ भन्दा बढी भ्रष्टाचार भएको अख्तियारले जनाएको छ ।

तत्कालीन अर्थमन्त्री रामशरण महत, तत्कालीन सचिवहरू तथा नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशकहरू त्रिरत्न महर्जन, रतीशचन्द्र लाल सुमन, प्रदीप अधिकारीलगाय ५५ जनालाई प्रतिवादी बनाइएको आयोगका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले जानकारी दिए ।

आयोगले नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशकहरू त्रिरत्न महर्जन, रतीशचन्द्र लाल सुमन र प्रदीप अधिकारीलाई प्रतिवादी बनाएको छ ।

भक्तपुरमा हेलिप्याड निर्माणका क्रममा केही दिनअघि मात्रै मुद्दा लागेर अधिकारी आयोगको थुनामै रहेको अवस्थामा अर्को मुद्दा दायर गरिएको हो ।

संसद्को सार्वजनिक लेखा समितिले राजेन्द्र लिङ्देनको नेतृत्वमा गठित उपसमितिले दिएको प्रतिवेदनका आधारमा जेठ ९ गते विमानस्थल निर्माणका क्रममा अनियमितता देखिएको ठहर गर्दै विस्तृत छानबिन गर्न निर्देशन दिएको थियो ।




चीनको ऋणमा निर्माण भएको विमानस्थलमा भएको भ्रष्टाचारबारे छानबिन गर्दा दुई देशको सम्बन्धनलाई नै असर पर्ने भन्दै आयोगले 'होल्ड' गर्दै आएको थियो । चिनियाँ पक्ष पनि छानबिनको दायरामा आउने भएपछि पूर्ववर्ती सरकारहरुले छानबिनमा रुचि देखाएको थिएन ।

त्यस्तै, सञ्चालक समिति सदस्य मनरुप शाहीलाई पनि प्रतिवादी बनाइएको छ । सञ्चालक समिति सदस्य मनरुप शाही, नागरिक उड्डयन प्राधिकरणका सदस्य ज्योति अधिकारी, मनोज कार्की, फुर्वा छिरिङ शेर्पा, सदस्य सचिव मदन खरेल, मुक्तिनारायण पौडेल, सूर्यप्रसाद आचार्यलाई पनि विपक्षी बनाइएको छ ।

त्यस्तै, नेपाल नागरिक उड्डयन प्राधिकरणका निलम्बित महानिर्देशक प्रदीप अधिकारी र पूर्वनिर्देशक मुरारी भण्डारीलाई पनि प्रतिवादी बनाइएको छ । दुवै जना नलिन्चोक हेलिपोर्ट निर्माण अनियमितताका पनि प्रतिवादी समेत छन् ।

चीनको ऋण सहयोगमा बनाइएको राष्ट्रिय गौरवको पोखरा विमानस्थल २०६५ देखि अध्ययन सुरु गरेर २०७९ मा निर्माण सम्पन्न भएको थियो । यो विमानस्थल घोटाला प्रकरणमा प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिअन्तर्गतको उपसमितिले समेत २०८२ वैशाखमा कैफियत देखाउँदै अख्तियारलाई अनुसन्धान गर्न निर्देशन दिएको थियो । त्यसपछि अख्तियारले सुक्ष्म रुपमा छानविन अघि बढाएको थियो ।

अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेकोबारे जानकारी दिँदै विशेष अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल खरिद प्रक्रियामा अनियमितता भएको भन्दै ५५ जना व्यक्तिलाई प्रतिवादी बनाएर विशेष अदालतमा मुद्दादायर गरेको बताए । आठ अर्ब ३६ करोड ७३ लाख ५५ हजार बिगोदाबी गरिएको बताए ।

# संसद पुनःस्थापनाको माग लिएर कांग्रेस सर्वोच्चमा

**काठमाडौँ ।**
प्रतिनिधिसभा पुनःस्थापनाको मागसहित नेपाली कांग्रेस पनि सर्वोच्च अदालत पुगेको छ ।

आइतबार कांग्रेसका तत्कालीन प्रमुख सचेतक श्याम घिमिरे र सचेतक सुशिला थिङले पूर्वमहान्यायाधीवक्ता खम्बहादुर खातीलाई वारेस राखेर सर्वोच्चमा रिट निवेदन दर्ता गरेका हुन् ।

यसअघि एमालेले पनि अलग्गै रिट दर्ता गरिसकेको छ । मंसिर १७ गते प्रारम्भिक सुनुवाइपछि सर्वोच्चले एमालेको रिटमा कारण देखाउ आदेश जारी गरिसकेको छ । दलहरूको रिटअघि अधिवक्तादेखि नागरिकस्तरसम्मका १६ वटा रिट निवेदन दर्ता भइसकेका थिए ।

कांग्रेस र एमालेले प्रारम्भमै संयुक्त रूपमा रिट दर्ता गर्ने संकेत दिए पनि, केही दिनको अन्तरालमा दुवैले प्रत्येकले आफ्नै रिट लिएर सर्वोच्च अदालतको ढोका ढकढक्याएका हुन् ।

शुक्रबार कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच भेटवार्तापछि कांग्रेस पनि रिट दर्ताका लागि अघि बढेको बताइएको छ ।

भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनपछि भदौ २७ गते सरकारले प्रतिनिधिसभा विघटन गर्दै फागुन २१ गते निर्वाचन गर्ने घोषणा गरेको थियो ।

विघटनको संवैधानिक वैधताको विषय अहिले पुनः सर्वोच्च अदालतमा विवादको रूपमा उभिएको छ ।

# १०२ दल एक्लाएक्लै निर्वाचनमा जाने

**काठमाडौँ ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा ११४ राजनीतिक दल सहभागी हुने भएका छन् ।

निर्वाचन आयोगका अनुसार १२० दलमध्ये १०२ दलले एकल रूपमा, जबकि १२ दलले संयुक्त रूपमा एकल चिन्ह प्रयोग गर्दै निर्वाचनमा प्रतिस्पर्धा गर्न आवेदन दिएका छन् ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार, संयुक्त रूपमा जाने १२ दलले विभिन्न समूह बनाएर ५ वटा चुनाव चिन्हमार्फत निर्वाचनमा सहभागी हुनेछन् । यसरी एकल र संयुक्त दुवै मिलाएर ११४ दल १०७ चिन्ह प्रयोग गर्दै प्रतिनिधि सभा निर्वाचनमा उत्रनेछन् । आयोगले सबै निवेदन स्वीकृत गरिसकेको छ ।

प्रतिनिधि सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली सम्बन्धी कार्यक्रम आईतवारबाट सुरु भएको आयोगले जनाएको छ ।

यसअनुसार राजनीतिक दलहरूले मंगलवारसम्म समानुपातिकतर्फ भाग लिनका लागि निवेदन दिन सक्नेछन् ।

प्राप्त निवेदनको अध्ययन गरी मंसिर २६ गतेसम्म स्वीकृत गरिनेछ ।

समानुपातिक उम्मेदवारको बन्दसूची पुस १३ र १४ गते पेस गर्न तोकिएको छ। बन्दसूचीमा ५० प्रतिशत महिला अनिवार्य राख्नुपर्ने आयोगको व्यवस्था छ ।

प्रत्यक्षतर्फ भने माघ ६ गते उम्मेदवारी दर्ता गरिनेछ ।

समावेशी समाजवादी पार्टी की अध्यक्ष नुमा लिम्बूले पार्टीले प्रदेशदेखि वडासम्म संरचना विस्तार गर्दै चुनावी तयारी तीव्र बनाएको बताइन् ।

उनले लैंगिक तथा अल्पसंख्यक समुदाय, आदिवासी–जनजाति, मनोरञ्जन क्षेत्रलगायत सबै समूहलाई सहभागी गराएर चुनावी अभियान सञ्चालन भइरहेको उल्लेख गरिन् ।

त्यस्तै नेपाल मजदुर किसान पार्टी (नेकपा–माले) का सचिव प्रेम सुवालले शिक्षा तथा स्वास्थ्य निःशुल्क बनाउने, युवालाई देशमै रोजगारी दिने, विदेशी भूमिमा सम्पत्ति राख्न नपाउने व्यवस्था गर्नुपर्नेजस्ता माग अघि सारे । उनले असमान सन्धि–सम्झौता खारेज गर्ने तथा उत्पादनका प्रमुख साधन र सेवाहरू सामाजिकीकरण गर्नुपर्ने धारणा पनि राखे ।

यसैबीच समानुपातिक निर्वाचनमा भाग लिन दलहरूले आवेदन दिन निर्वाचन आयोगमा पुग्ने क्रम तीव्र बन्दै गएको छ ।

# बलात्कारपछि हत्या गरेर भारत पुगेका अधिकारी पक्राउ

**विराटनगर ।**
मोरङको लेटाङकी १३ वर्षीया बालिकाको बलात्कारपछि हत्या गरेको आरोपमा एक जना पक्राउ परेका छन् । प्रहरीले अंशु गौतमको हत्या आरोपमा छिमेकी ५९ वर्षीय वृद्ध पदमबहादुर अधिकारीलाई समातेको हो । नातिनी समानकी अंशुलाई उनले चार किलोमिटर टाढाको जंगलमा लगेर बलात्कार गरेका थिए ।



हत्यापछि अधिकारी भारत फरार भएका थिए । दुई महिनाको खोजतलासपछि प्रहरीले उनलाई नियन्त्रणमा लिएको हो । बलात्कार गरेर फालेको अवस्थामा अंशुको शव फेला परेपछि सिआइबी, कोशी प्रदेश अनुसन्धान ब्यूरो र मोरङ प्रहरीको विशेष टोली अनुसन्धानका लागि परिचालन भएको थियो ।

अंशु हराएको केही दिनपछि काम गर्न भन्दै आसाम पुगेका अधिकारीमाथि शंकाको सुई सोझिएको थियो । स्थानीय जनप्रतिनिधि र घरपरिवारको सहयोगमा घर फर्काइएको उनलाई प्रहरीले त्यतिबेलै पक्राउ गरेको हो । उनले अंशुको हत्या गरेको स्वीकार गरिसकेको मोरङका एसपी कवित कटुवालले बताए ।

प्रहरीले आइतबार उनलाई सार्वजनिक गरेको छ । उनीमाथि जबरजस्ती करणी र कर्तव्य ज्यान कसुरमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । लेटाङ नगरपालिका–२, बुधबारेकी अंशु गत असोज २१ गते अपरान्ह साथीसँग खेल्न निस्किएकी थिइन् । त्यसपछि बेपत्ता भएकी उनको शव कात्तिक ७ गते घरदेखि चार किमी उत्तरको घना जंगलभित्र सुटकेसमा फेला परेको थियो । उनको परिवारले दोषी नभेटिएसम्म शव नबुझ्ने अडान लिएका थिए भने स्थानीयले पनि हत्यारा पक्राउका लागि प्रहरीलाई दबाब दिँदै आएका थिए ।

# उड्डयन प्राधिकरणका महानिर्देशक अधिकारी पुर्पक्षमा



**काठमाडौँ ।**
नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी पुर्पक्षका लागि थुनामा पठाइएका छन् ।

विशेष अदालतका न्यायाधीश हेमन्त रावल, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालासमेतको संयुक्त इजलासले आइतबार थुनछेक बहसपछि अधिकारीलाई थुनामै राखेर मुद्दा अगाडि बढाउने आदेश दिएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भक्तपुरको नलिन्चोक हेलिपोर्ट निर्माणमा अनियमितता तथा भ्रष्टाचार गरेको आरोपमा अधिकारीविरुद्ध मुद्दा दायर गरेको थियो । सो मुद्दामा दुवै पक्षको बहस सकिएपछि अदालतले उनलाई पुर्पक्षका लागि थुनामा राख्नुपर्ने ठहर गरेको हो । महानिर्देशक अधिकारीलाई गत बुधबार अख्तियारले पक्राउ गरेको थियो, र अब उनीविरुद्धको मुद्दा थुनामै राखेर अघि बढाइनेछ ।

# एनपिएलः अर्धशतकको संख्या ३५

**काठमाडौँ ।**
राजधानीमा जारी एनपिएलमा अर्धशतकको संख्या ३५ पुगेको छ । आइतवार जनकपुर बोल्ट्सका सञ्जय कृष्णमूर्तिले ५० रन पूरा गरेसँगै अर्धशतकको संख्या ३५ पुगेको हो । उनले आइतबार कर्णाली याक्सका विरुद्ध ३७ बलमा एक चौका चार छक्काको मद्दतमा अर्धशतक पूरा गरेका हुन् । उनको जारी सिजनमा दोस्रो अर्धशतकसमेत हो ।

यस सिजनमा ३५ अर्धशतक जोड्दा २९ खेलाडी सामेल छन् । यसअघि जारी सिजनमा चितवन राइनोजका रवि बोपराले तीन, पोखरा एभेन्जर्सका कुशल भुर्तेल, पोखराकै एडम रोसिङटनले र कर्णाली याक्सका प्रियान्क पन्चालले दुई–दुई अर्धशतक हिर्काएका छन् ।

यस्तै सुदूरपश्चिम रोयल्सका विनोद भण्डारी, जोश ब्राउन, हरमित सिंह, क्रिश लिन ईशान पाण्डे, विराटनगर किंग्सका लोकेश बम, साम हिजलेट, फाफ डू प्लेसिस, मार्टिन गुप्टिल, बसिर अहमद, पोखराका सुमित बर्मा, जिमी निशम, रिसि धवन, चितवनका डेविड मलान र अर्जुन साउँद, काठमाडौँ गोर्खाजका भीम सार्की, जोन सिम्प्सन, बेन चाल्र्सवर्थ, कर्णालीका मार्क वाट, लुम्बिनीका डार्सी सर्ट, जनकपुर बोल्ट्सका वायन पार्नेल, माज सदाकत, अनिल शाह र आशिफ शेखले एक–एक अर्धशतक हिर्काएका छन् । कर्णालीका मार्क वाट र पोखराका एडम रोसिङटनले मात्रै जारी प्रतियोगितामा शतक प्रहार गरेका छन् । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन